वर्ष : २०, अंक : २२, काठमाडौं, २०८१ कार्तिक ९ गते शुक्रबार, 25 October, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# ‘बेटी के साथ मेयर’को चौतर्फी चर्चा

## ‘बेटीके साथमे मेयर’ कार्यक्रम अन्तर्गत ७५ घर परिवारलाई चेक वितरण

रौतहट । रौतहटको मौलापुर नगरपालिकामा ‘बेटी (छोरी) के साथ मेयर’ कार्यक्रम लोकप्रिय बन्दै गईरहेको छ । ‘बेटी (छोरी) के साथ मेयर’ कार्यक्रम मधेश प्रदेश, नेपालमा मात्र नभएर यसको चर्चा भारतको बिहार राज्यमा समेत हुने गरेको छ । मौलापुर नगरपालिकाका मेयर रिनाकुमारी साहको पहलमा सुरु भएको यो कार्यक्रमले मौलापुरको चौतर्फी चर्चा हुने गरेको छ ।

मौलापुर नगरपालिकाको कार्यालयमा आज आयोजित एक विशेष समारोह मार्फत ७५ घर परिवारलाई ‘बेटी (छोरी) के साथ मेयर’ कार्यक्रम अन्तरगत ३०/३० हजार रुपैयाको चेक हस्तानान्तरण गरिएको छ ।



यो कार्यक्रम अन्तरगत कानून अनुसार विवाह गर्न उमेर पुगेका गरिब, असहाय छोरीको परिवारलाई विवाह गर्ने बेलामा ३० हजार आर्थिक सहयोग नगरपालिकाले गर्दै आएको छ । अहिलेसम्म हजारौं घरपरिवारले यो सेवा पाईसकेको मौलापुर नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले जनाएका छन् ।

‘कानून अनुसार छोरीहरुको विवाह गर्ने समयमा नगरपालिकाले ३० हजार सहयोग गर्दै आएको छ । यस अघि पनि यो सेवा हजारौं परिवारले पाईसकेका छन् । बिभिन्न कारणले छुटहुन गएका परिवारलाई आज चेक हस्तानान्तरण गरिएको हो’ साहले भने ।

छोरीको विवाहको बेलामा नै चेक पाउनुपर्ने तर निवेदन नदिएकाले ढिला हुन गएको र नगरपालिकाले बोलाएर नै ३० हजारको चेक दिएको मैना देवीले बताईन् । ‘सबैले पाउँछन्, मैले पनि पाए । छोरीको विवाहको बेला खर्च त बढी नै हुन्छ तर नगरपालिकाले कमसेकम यती सहयोग गर्नु, छोराछोरीको पढाई, परिवारको स्वास्थ्य लगायतका बिषयमा राम्रो काम गरेकाले हामी खुशी छौं’ मैना देवीले भनिन् ।

यस्तै चेक पाउने अर्को शुशिला देवीले मौलापुर नगरपालिकाको यस्तो काम धेरै नै राम्रो भएको बताईन् । ‘हुन त यो सानो रकम हो । तर हाम्रो लागि ठुलो हो । हामीलाई यति सहयोग गरेर माया, स्नेह राखिराख्ने मेयर रिना दिदिलाई म धन्यवाद भन्न चाहन्छु । उहाँले सधै यस्तै राम्रो काम गर्दै अगाडी बढ्न हाम्रो साथसहयोग सधै नै रहन्छ’ शुशिला देवी चेक पाएपछि खुशीले गदगद हुँदै भनिन् ।

यस्तै अर्का सेवाग्राही धर्मेन्द्र यादवले समेत मेयर रिना साहको तारिफ गरे । ‘छोरीको विवाह होस् वा मालपोत कर, कुनै प्रकारको सिफारिस । हामीले कुनै पनि किसिमको कर तिर्नुपर्दैन नगरपालिकामा । फ्रि बिजुली, फ्रि पानी लगायतका कार्यक्रमले हामीले खुशी छौं । म त भन्छु यि कार्यक्रम अरु पालिकाका साथै मधेस प्रदेश सरकार र हाम्रो प्रधानमन्त्री केपी ओलीजीले पनि सिकेर देशैभरी लागु गर्नुपर्छ’ यादवले भने ।

मौलापुर नगरपालिकाकी मेयर रिना साहको पहलमा ‘छोरीको साथमा मेयर’ कार्यक्रमका साथै ‘फ्री बिजुली, फ्री पानी’ लगायतका महत्वपूर्ण कार्यक्रम लागु भएको छ । मेयर साहकै पहलमा मौलापुर नगरपालिकामा मालपोत शुल्क, नागरिकत्ता सिफारिस, विवाह दर्ता, मृत्यु दर्ता लगायतका बिभिन्न सिफारिसहरुको समेत शुल्कहरु शुन्य बनाइएको छ । शुन्य शुल्कको नीति लिएको मौलापुरको यस्तो कामले सर्वसधारण खुशी व्यक्त गर्दै आएका छन् ।

मधेस प्रदेशकै एक र पहिलो महिला मेयर रिनाकुमारी साहको जनपक्षीय कामले अहिले चौतर्फी चर्चा भईरहेको छ । रौतहटको मौलापुरकी मेयर साहले जनताको पक्षमा गरेको बिभिन्न कामले उनी चर्चामा रहेकी छन् ।

## काग्रेस कम्युनिस्टका कारण मुलुक गम्भीर अवस्थामा : अध्यक्ष यादव



जलेश्वर । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले काग्रेस कम्युनिस्टका कारण मुलुक गम्भीर अवस्थामा पुगेको बताएका छन् । जनता समाजवादी पार्टी नेपाल महोत्तरीद्वारा आयोजित ’जनता संग जसपा नेपाल, आधारभुत संगठन निर्माण’ सम्बन्धी अनुगमन तथा समीक्षा बैठकलाई सम्बोधन गर्दै अध्यक्ष यादवले सो कुरा बताएका हुन् । काग्रेस कम्युनिस्टले ३५ वर्ष गरेको शासनको उपलब्धी कुशासन, भ्रष्टाचार, विदेशी ऋृण थोपार्नु मात्र रहेको दावी गर्दै अध्यक्ष यादवले उनीहरु विरुद्ध सडक र सदन दुवै मोर्चाबाट संघर्ष गर्नुपर्ने बताए ।

जिल्ला अध्यक्ष राम प्रकाश यादवको अध्यक्षतामा बसेको बिस्तारित बैठकमा पार्टीका महासचिव रामकुमार शर्मा, कोषाध्यक्ष सुरिता साह, कार्यकारिणी सदस्य हरिनारायण यादव, डा. सुरेन्द्र यादव, केन्द्रीय सदस्य दिपक झा गुड्डु, मधेस प्रदेश समिति अध्यक्ष बालकिशोर यादव सहितका वक्ताहरुले पार्टीद्वारा जारी ४ महिने आधारभूत संगठन निर्माण अभियानको सन्दर्भमा जारी गतिविधिहरु बारे आ-आफ्नो धारणा व्यक्त गरेका थिए ।

## मधेश प्रदेशमा सरकार परिवर्तन हुँदैन : जनमत उपाध्यक्ष कुशवाहा



जनकपुरधाम । मधेश प्रदेशमा सत्ता परिवर्तन हुने गलत, भ्रामक र मनगढन्त हल्ला फिजाएर सरकारका महत्त्वपूर्ण तथा महत्वाकांक्षी योजना कार्यान्वयनमा बाधा पुर्याउन खोजिरहेको आरोप जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष इन्जिनियर वसन्त कुशवाहाले बताएका छन् । केही अनलाइन सञ्चारमाध्यमले प्रदेशमा सरकार परिवर्तनको हल्ला फिजाएर कर्मचारी र मधेशी जनतालाई भ्रमित गर्न खोजेको भन्दै उनले प्रदेश सरकारले अघि सारेको ७५ भन्दा बढी गौरवका योजना कार्यान्वयन हुने बेला यस्तो भ्रमले मधेशका पक्षमा काम गर्न बाधा उत्पन्न हुने उल्लेख गरे । उनले भने, ‘काम ढिला होस् भन्ने नियतले मधेशविरोधीले सरकार परिवर्तनको हल्ला गर्दैछन् । अहिले गौरवका योजना कार्यान्वयनका लागि आवश्यक गृहकार्य पुरा भइसकेको छ । कामका लागि परिपत्रसमेत भइसकेको छ । यस्तोमा अनर्गल हल्लाबाट तिनीहरूले काममा ढिलाइ होस् भन्ने नियत राखेको देखिन्छ ।’

जनमत पार्टी केन्द्रीय सत्ता गठबन्धनमा नै रहेको र गठबन्धनको निर्णयअनुसार मधेश प्रदेशमा जनमत नेतृत्वको सरकार निरन्तर रहने उपाध्यक्ष इन्जिनियर कुशवाहाको भनाइ छ । ‘गठबन्धनमा हामी छौं । गठबन्धनभित्रका दलभित्र समन्वय र सहकार्य निरन्तर भइरहेको छ । त्यसैले पार्टीको कुनै पनि नीतिगत निर्णयका कारण प्रदेश सरकारको संरचना प्रभावित हुँदैन,’ उनले भने । उपाध्यक्ष कुशवाहाले गलत सन्देश प्रवाहित हुने खालका पुराना तस्बिर राखेर विपक्षीहरूले गरिरहेको हल्लाबाट प्रभावित नहुन सञ्चारमाध्यमहरूलाई आग्रहसमेत गरे ।

## प्रदेशले नगरेपछि मौलापुर नगरपालिकाले स्तरोउन्नती गर्न थाल्यो सडक



रौतहट । मधेश प्रदेश सरकार मातहत रहेको रौतहटको ‘औरैया-बंकुल-सोनरनिया-सितलपुर-हिमालीबास सड़क’ मौलापुर नगरपालिकाले सडक स्तरोउन्नती गरिरहेको छ ।

मधेश प्रदेश सरकारले सो सडक मर्मत गरेर स्तरोउन्नती गर्न चासो नदिएपछि सर्वसधारण यात्रुलाई आवातजावतमा कठिनाई भोग्दै आएका छन् । मौलापुर नगरपालिकाका मेयर रिनाकुमारी साहलाई स्थानीयले सडक मर्मतका लागि गुनासो गरेपछि उनले सो सडक मर्मत गरेर स्तरोउन्नती गर्न लागेकी छन् ।

मधेश प्रदेश सरकार मातहत रहेको सो सडक ममर्त गर्नका लागि पटक पटक आग्रह गर्दा समेत कुनै सुनुवाई नभएपछि मौलापुर नगरपालिकाले रोलर, ग्रेडर, पानीट्यांकी प्रयोग गरेर ममर्त गर्न थालेकोमा स्थानीय खुशी भएका छन् । दिपावली, छठ पर्व नजिक्दै गईरहेको बेला सो पर्व आउनुभन्दा अघि गाउँघर सफा गर्ने, सडक सरसफाई, ममर्त एवं सिंगारिने काम मधेशमा हुने गरेको छ ।

‘औरैया-बंकुल-सोनरनिया-सितलपुर-हिमालीबास सड़क’ विग्रदै गईरहेकाले र ठाउँठाउँमा भत्केकाले निर्माण गर्नुपर्ने आवश्यक्ता रहेको थियो । सर्वसधारण यात्रुका साथै स्थानीयले समेत यसबारेमा गुनासो गर्दै आएका थिए । सर्वसधारण यात्रुका साथै स्थानीयले गरेको गुनासो सम्बोधन भएकोमा मौलापुर नगरपालिकाका मेयर साहलाई उनीहरुले धन्यवाद दिए छन् । जनताको दैनिक दु:खदर्दलाई आत्मबोध गर्दै बाध्य भएर मौलापुर नगरपालिकाले सडक मर्मत गर्न थालेपछि स्थानीयका साथै सर्वसधारणलाई आवतजावतमा सहज हुने देखिन्छ ।

मधेश प्रदेशका अर्थमन्त्री जितेन्द्र यादवको आफ्नै निर्वाचन क्षेत्रमा सो सडकको अवस्था यस्तो दुरदशापूर्ण रहनु र यति दिन बितिसक्दा समेत केही वास्ता नगरिएकोमा स्थानीय आक्रोशित बनेका छन् । चाडपर्वको समयमा आवतजावत गर्न निकै कठिनाइ भएकाले सो सडक मर्मतका लागि पहल गरिदिन सर्वसधारणले आग्रह गर्दै आएका थिए ।

## लोसपा र नाउपाका केन्द्रीय नेताहरु राष्ट्रिय मुक्ति क्रान्तिमा प्रवेश

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टीलगायत अन्य संघसंस्थाका दर्जनौं केन्द्रीय पदाधिकारीहरु राजेन्द्र महतो नेतृत्वको नवगठित राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा प्रवेश गरेका छन् ।



नागरिक उन्मुक्ति पार्टीका वरिष्ठ नेता तथा ललितपुरबाट निर्वाचित संविधानसभा सदस्य योगेन्द्र घिसिङ र नागरिक उन्मुक्ति पार्टीकै बागमती प्रदेश समितिका अध्यक्ष दल बहादुर तामाङ, सोही पार्टीकै केन्द्रीय सचिवालय सदस्य ओम प्रकाश चौधरी राष्ट्रिय मुक्ति क्रान्ति नेपालमा समाहित भएका हुन् । त्यसैगरी लोसपा नेपालका केन्द्रीय उपाध्यक्ष तथा पूर्वकेन्द्रीय राज्यमन्त्री एवं पूर्वप्रतिनिधिसभा सदस्य चन्द्रकान्त चौधरीसमेत राष्ट्रिय मुक्ति क्रान्तिमा समाहित भएका छन् ।

यस्तै, जनजाति कल्याण आश्रम नेपालका केन्द्रीय महासचिव प्रेम प्रसाद राई आफ्ना दर्जनौं समर्थकसहित महतोको क्रान्तिमा समाहित भएका छन् । सबै नेताहरुलाई खादामाला लगाई क्रान्तिका अध्यक्ष महतोले पार्टी प्रवेश गराए ।

राष्ट्रिय मुक्ति क्रान्ति गर्ने उद्देश्यका साथ कदममा कदम मिलाएर अघि बढ्न अग्रसर सबै जना नेताहरुको उज्वल भविष्यको कामना गर्दै अन्य क्रान्तिकारी योद्धाहरूलाई समेत पार्टीमा प्रवेश गर्न महतोले आह्वान गरेका हुन् ।

## सूचनाको हक कार्यान्वयनप्रति प्रदेश सरकार प्रतिबद्ध छ : मुख्यमन्त्री सिंह

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले सरकारका काम, प्रक्रिया र निर्णयका बारेमा सार्वजनिक गर्ने पद्धतिलाई संस्थागत भए सूचनाको हक आफसैँआफ स्थापित हुने बताएका छन् । उनले लोकतान्त्रिक व्यवस्थामा नागरिक सर्वोच्चता महत्त्वपूर्ण र अपरिहार्य भएकाले सार्वजनिक निकायसँग सम्बद्ध कार्य वा विषयमा सूचनाको हक कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको समेत जनाए ।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घद्वारा जनकपुरधाममा आयोजित प्रदेशस्तरीय सूचनाको हकसम्बन्धी प्रशिक्षण शिविरको बुधबार उद्घाटन गर्दै मुख्यमन्त्री सिँहले सार्वजनिक जरुरी वा चासोका विषयमा नागरिकलाई सहज ढङ्गले सूचना उपलब्ध गराउन सरकारको कानुनी र नैतिक कर्तव्य भएको उल्लेख गरे ।

उनले पछिल्ला दिनमा सूचनाको हक प्रयोगप्रति नागरिक चेतना वृद्धि भएको औंल्याउँदै सूचनाको हकमार्फत माग गरिएका सूचना प्रवाहका बारेमा व्यवस्थित अभिलेखीकरण हुनुपर्ने बताए । ‘यसले सूचनाको हक कार्यान्वयनका जटिलता र समस्या पहिचान गर्नेछ । जसबाट सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयमा सघाउ पुग्नेछ,’ मुख्यमन्त्री सिँहले भने ।

सूचनाको हकसम्बन्धी कानुनले चिह्नित गरेका सूचना प्राप्तिका लागि सरकार र नागरिक दुवैको क्रियाशीलता आवश्यक रहेको चर्चा गर्दै मुख्यमन्त्री सिँहले सरकारका कामकाजमा पारदर्शीताका लागि मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् निर्णय वेभसाइटमार्फत निरन्तर सार्वजनिक भइरहेको जानकारी दिए ।

उनले सूचना दिन कठिन हुने खालका काम कसैको लहलहमा लागेर गर्न नहुने जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सुझाए ।

उनले सूचनाको हकलाई व्यवस्थित, प्रभावकारी र परिणामुखी बनाउन विभिन्न मन्त्रालय तथा मातहतका निकायहरूमा बाँकी रहेका सूचना अधिकारी तोकी तत्काल तस्बिर र फोन नम्बर उल्लेख गरी सार्वजनिक सूचना टाँस गर्न आफूले निर्देशन दिएको बताए ।

उनले मधेश प्रदेशमा १ सय ३६ वटै पालिकालाई सूचना अधिकारी नियुक्त गर्न प्रदेश सरकारले तत्काल पत्राचार गर्ने बताए । उनले प्रदेशमा कर्मचारी अभाव र कार्यबोझका कारण सूचना अधिकारीले पनि समयमा आवश्यक सूचना उपलब्ध गराउन कठिन भइरहेको बाध्यता पनि सुनाए ।



मुख्यमन्त्री सिँहले सूचनाको हकलाई कार्यमूलक र उपलब्धिपरक बनाउन प्रदेशमा प्रमुख सचिव र जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको अनुगमन समिति विघटन गरी अर्को समिति बनाउनुपर्ने सुझाए । उनले भने, ‘कर्मचारीको कमी र कामको चापका कारण दुवै समिति सक्रिय रूपमा काम गर्न सक्ने अवस्था छैन । त्यसैले यस विषयमा पूर्णकालीक काम गर्ने समिति बनाउँदा उचित हुनेछ ।’

प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले मधेश प्रदेश सरकारमाथि सुरुदेखि नै हुँदैआएका टिकाटिप्पणी र आरोपका कारण पनि सूचनाको हक कार्यान्वयनका सन्दर्भमा मौजुदा सरकारले बढी गम्भीरता देखाएको बताए । उनले राज्यको संरचना र परिवेश फेरिएकाले पनि प्रदेश सरकार आफ्नो भूमिकालाई समयानुकूल बनाउन खोजेको भन्दै सूचनाको हक कार्यान्वयनमा सबै पक्षको सक्रियता आवश्यक भएको ठहर गरे ।

उनले सूचनाको हकसम्बन्धी चेतना पालिका तहसम्म नै प्रसार हुनुपर्ने बताए ।

मन्त्री लेखीले सञ्चार क्षेत्रमा रूपान्तरण ल्याउन प्रदेश सरकारले गर्नुपर्ने कामकाजका बारेमा सञ्चारसम्बद्ध संस्था र सञ्चारकर्मीको सल्लाह अपेक्षित रहेको बताए । ‘सरकारलाई मात्र दोष दिएर हुँदैन, कामका लागि यथोचित सल्लाह दिएर सञ्चारजगतले पनि आफ्नो दायित्व निर्वाह गर्नुपर्छ,’ उनले भने ।

मन्त्री लेखीले सञ्चार क्षेत्रको विकासका लागि गर्नुपर्ने कामकाजका बारेमा सुझाव संकलन गर्न मन्त्रालयले तीन सदस्यीय समिति गठन गरेको र समितिले काम गरिरहेको पनि जानकारी दिए ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमा गुरुङले सूचनाको हक प्रयोग गरी प्राप्त भएका सूचनाका आधारमा ठूलठूल्ला अनियमितता र भ्रष्टाचारबारे महत्तवपूर्ण तथ्य सार्वजनिक भएको र विधिप्रक्रिया स्थापित हुनुका साथै बेथितिमा परिवर्तन आएको बताए । ‘तर सूचनाको हकअन्तर्गत अझै पर्याप्त सूचना माग भएको देखिँदैन । यसका लागि प्रदेश र पालिका स्तरमा चेतना आवश्यक छ,’ उनले भने ।

आयोजक संस्थाका अध्यक्ष उमिद वागचन्दको सभापतित्वमा भएको कार्यक्रममा रोशन झालगायतका वक्ताहरूले सूचनाको हकका महत्त्वका बारेमा आआफ्ना धारणा राखेका थिए ।

## सम्पादकीय

# यो व्यवस्थाको जीवन कति होला ?

जनविश्वास गुमाउँदै गएका पक्षहरूले नै निरन्तरता पाइराख्ने हो भने नेपाल तत्कालै गृहयुद्धको चपेटामा पर्छ । कानूनको प्रयोग स्वार्थ र बदलाका लागि गरिरहने हो भने आफ्नै मुलुकभित्र नागरिकहरू शरणार्थीको जीवन बाँच्न बाध्य हुन्छन् । अभिभावकविहीन नागरिक र विदेशीका दूतका रूपमा बाँचेका नेतृत्वले क्लेप्टोक्रेसीकै माध्यमबाट नेपाललाई विखण्डन गर्ने र गृहयुद्ध गराउने प्रायः निश्चित छ । वर्तमान नेतृत्व र शैलीलाई विचार गर्दा आमनेपालीबीच “दल वा देश” मध्ये कुनै एक रोज्नुको विकल्प छैन ।राजनीतिक प्रदुषण र स्वार्थको चक्रव्यूहले गणतन्त्र निशासिँदै गएको छ । विदेशी गोटीहरू बीचको झगडाले अधिकांश दलपतिहरू नाङ्गिएका छन् । देशलाई साझा र समृद्ध बनाउन कानूनी शासनको अभ्यास जरूरी छ । कानूनको प्रयोग प्रभाव, दबाब र लोभमा गर्नु हुन्न ।निर्णयकर्ताले दल, दूतावास, नेता, धर्म, जात, समुदाय, गुट वा निजी लाभका आधारमा गर्न थाल्दा न्यायमाथिको विश्वास सिद्धिनुको साथसाथै न्यायालयलाई निर्णय खरिद बिक्री केन्द्रको रूपमा जनमानसले ग्रहण गर्न थाल्छ । शिक्षा, स्वास्थ्य र न्याय सबै नागरिकका लागि निःशुल्क र सहज हुँदा मात्रै ‘गणतन्त्र’ लागू रहेको अनुभव गर्न सकिन्छ । समान किसिमको अपराधमा व्यक्तिपिच्छे निर्णय हुने । हत्या र बलात्कार जस्तो गम्भीर अपराधमा नेता वा पहुँचवालालाई सजाय नहुने हो भने त्यो व्यवस्थालाई गणतन्त्र होइन गुण्डातन्त्र भन्न सकिन्छ । हुन त नेपालमा गणतन्त्रको नाममा क्लेप्टोक्रेसी छ । देशको स्रोत, साधन, शक्तिलाई दोहन गरेर निजी स्वार्थ पूरा गर्ने । पद र पहुँचलाई दुरूपयोग गरेर पारिवारिक समृद्धि हासिल गर्ने तर जनताबीच आदर्शका कुरा मात्र गर्ने बानी हाम्रो जनप्रतिनिधि/नेताहरूमा छ । भ्रष्टाचार, जातिवाद, वंशवाद र विदेशी गुलामी आजीवन गरिरहने तर भाषणमा यी कुराको चर्को विरोध जारी राख्ने । अनैतिक र भ्रष्ट व्यवहार गरिरहने तर बोल्दा उच्च चरित्र र आदर्श जीवनबारे मात्र बोल्ने । देश र जनता ठग्ने र त्यसैलाई राजनीतिको नाम दिने । जातिवादको चर्को विरोध गरेर राजनीतिक क्षेत्रमा उचाइ लिने र आफू निर्णायक स्थानमा पुग्दा त्यहीं जातिवादलाई निरन्तरता दिने । वंशवादलाई उग्र विरोध गरी जनमत ल्याउने र आफू पदमा पुग्दा त्यहीं वंशवादलाई निरन्तरता दिने । बहुचरित्रबाट अभ्यस्त नेतृत्वले आफू जस्तै कर्मचारी, प्रशासन, न्यायालय, सञ्चार क्षेत्र र नागरिक समाजा निर्माण गरिदिएका छन् । न्याय निरूपण, भिड, हल्ला, प्रभाव र अभावबाट गर्न बाध्य बनाइराख्ने तर न्यायपालिका स्वतन्त्र हुनुपर्छ भन्न नछाड्ने । दलीय रूपमा पत्रकार र सञ्चार संस्थालाई आबद्ध गरिराख्ने तर स्वतन्त्र पत्रकारिताको अलाप गर्न नछाड्ने । सरकारी कर्मचारीलाई दलीय आबद्धता दिइराख्ने तर कर्मचारी प्रशासन साझा हुनुपर्छ भन्ने कुरा बोल्न नछुटाउने । वि.सं. २००७ सालदेखि प्रजातन्त्रको अभ्यास गरियो, २०८१ साल आइपुग्दासम्म कुनै निकाय भ्रष्टाचारमुक्त, उदाहरणीय हुन सकेन । कोही राजनेता, कोही र्स्वस्वीकार्य नागरिक अगुवा, उदाहरणीय नेता वा इमान्दार अगुवा राष्ट्रिय स्तरमा स्थापित हुन सकिएन । बेथिति, अस्थिरता, अपराध, अराजकता र विभेदको निरन्तरता भित्र आफ्नो भविष्य खोज्ने जमात नै सबै क्षेत्रको नेतृत्वमा पुगेपछि देशको भविष्य के होला ? व्यवस्थाको जीवन कति होला ? नागरिकको जीवन कति कष्टकर होला ???

# राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

## (कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संस्लेषण)

१.भूमिका,

हाम्रो देश विश्व कै प्राचिनतम मुलुकहरू मध्येको एक हो। लामो इतिहासको दौरान यो मुलुकको सीमाना कहिले फैलिने त कहिले खुम्चिने गरी वर्तमानको अवस्थामा आईपुगेको हो। हुन् त तत्कालिन नेपाल भन्नाले मुलतः काठमाण्डौं उपत्यका थियो। आधुनिक नेपाल बनेदेखि आज सम्म नेपाली समाजको स्व-देश, स्व-तत्व अर्थात सत्वसँग मेल नखाने राजनीति भएको छ। आफ्नो स्वदेशीय मौलिक सत्ता एवं सभ्यताको ज्ञानलाई छाडेर पश्चिमा ज्ञान प्रणालीको दर्शनमा आधारित भएर राज्य सिद्धान्त एवं कार्यक्रमहरु बनाइए, आधुनिकताको नाममा स्वदेशीय ज्ञानको जरा काटिए। समाज र समुदायको जरा काटिएपछि, समाज र समुदायको जीवन, सपना र सत्व हराएपछि स्वदेशीय ज्ञान परम्परा अन्धविश्वास, पुराना, असभ्य, बेकार लाग्न थाल्छ। पर-देशको ज्ञान परम्परा माथि विश्वास, आधुनिक, सभ्य र उपयोगी लाग्न थाल्छ। समाजलाई डोर्याउने भनेको राजनीतिले हो। हाम्रो शासन प्रणाली, शिक्षा, सामाजिक व्यवस्था सबै राजनीतिले नै निर्धारण गर्छ। राजनीति नै माटो सुहाउदो नभएको हुनाले माटो सुहाउदो केही पनि भएन, अस्थिरता भयो, तनाव भयो राज्य प्रति अपनत्व रहेन, राज्य नै राष्ट्रियता विहीन बन्न पुगे।

यसरी स्वत्व, अपनत्व, ममत्व हराउन गएको देश नेपालको शरहदको निर्धारण गोर्खाका राजा पृथ्वी नारायण शाहको राज्य विस्तार र त्यसपछि सुगौली सन्धि एव नयाँ मुलुकको पुनः प्राप्ति पछि भएको हो। यसरी राज्य विस्तार हुँदा अनेकौ सार्वभौम राज्य मात्र होइन अनेकौ संस्कृति पनि एउटै शरहद भित्र रहन गयो। तत्काल विद्रोह नहोस भनेरै वा देशको यथार्थ बुझेरै राजा पृथ्वी नारायण शाहले निर्दिष्ट गरे “नेपाल चार जात छत्तिस बर्णको साझा फुलवारी हो सबैलाई चेतना भया“। तर त्यसपछिका कुनै शासकमा उक्त चेतना आउन सकेन। शासकले आफ्नो वाहेक सबै सस्कृतिलाई सिध्याउन्ने प्रयास गरे, असभ्य भने, बिदेशी भने, अराष्ट्रिय भने, मासिन्या घोषित गरे। फगत शाह राजाहरुको शासन केवल बंशको निम्ति, राणाहरुको शासन जहानको निम्ति, प्रजातन्त्रदेखि गणतन्त्रसम्मै केवल एउटा नश्लको निम्ति मात्र आत्म गौरबको सत्ता हुन् गयो। पृथ्वी नारायणले जगाउन खोजेको चेतना उनका बंश, जहान र नश्लमा आउन सकेन। त्यसैले त तराई मधेसमा गजेन्द्रनाराण सिंह, बाबा रामजनम, श्यामलाल र रघुनाथ ठाकुरहरुले तथा हिमाल र पहाडमा गोरेवहादुर खपाङगी, एम एस थापा र गोपाल गुरुङहरुले विद्रोह गरे। गुलाम बनाइएका उत्पीडितहरुमा आत्म सम्मान जगाए, गाली-गलोज रहेको आफ्नो पहिचानमा गर्भ गर्न लगाए।

फलत आदिवासी एवं मधेशीहरु आत्म स्वाभिमानको निम्ति निरन्तर आन्दोलनरत रहे, दलित, मुस्लिम एवं पिछडा वर्ग अर्थपूर्ण सहभागिताको निम्ति संघर्षरत रहे, गौरव प्राप्त गर्न सधै महिला लडी नै रहे। संविधान ०७२ निर्माणको क्रममा भएको एतिहासिक मधेश-थरुहट आन्दोलनलाई पहाड विरोधी, जातिय, सम्प्रदायिक, भारतद्वारा संचालित आन्दोलन जस्ता कु प्रचार गरी यसै बहानामा दुश्मन देशका दुश्मन नागरिक सरह वर्वरतापुर्ण दमन गर्दा पनि ६ महिना सम्म जनताले प्रतिरोध गरी रहे, बलिदान दिई रहे तर मधेश थरुहटका जनताको दुखद हार भयो, आन्दोलन तुहाइयो। यसै बखत आन्दोलनरत रहेका लिम्बुवान लगायत अन्य आदिवासी जनजातिहरुको पहिचानवादी आन्दोलन पनि सफल हुन सकेन। उपरोक्त सबै आन्दोलनहरु एकल नश्लीय शासन व्यवस्था विरुद्ध थियो तर आफ्नै आन्दोलन पनि एकल आयामिक थियो। एकल अयामिक गोलचक्करमा फसेकै कारण विगत चार दशक अगाडी शुरु भएको आन्दोलन अधुरो रहन गयो। शासन पनि एकल नश्लीय त्यस विरुद्धको आन्दोलन पनि एकल आयामिक। त्यसैले त जनताले चाहेको जस्तो राजनीतिक उपलब्धि प्राप्त गर्न सकेनन, देश बन्न पनि सकेन।

यहिँ आलोकमा अधुरा क्रान्ति एवं अधुरा सपना पुरा हुनपर्छ भन्ने अठोटका साथ् उत्पीडित समुदायको निम्ति अविरल संघर्षरत नेता राजेन्द्र महतो २०८० फागुन १४ गते सोमबार, “पहिचानवादी सम्पूर्ण उत्पीडित राष्ट्रियताहरु, सभ्यता संस्कृतिको पुनरोदय तथा देशमा सुशासन र सम्वृद्धि चाहनेहरु सबै संयुक्त रुपमा एकतावध भई बहु/बहुल राष्ट्रिय राज्य निर्माणको निम्ति राष्ट्रिय मुक्ति क्रान्ति नेपाल अर्थात् सम्पूर्ण क्रान्ति आवश्यक भैसकेको छ। हिमाल, पहाड, तराईका जनता अब छुटा छुटै फुटेर संघर्ष गर्दा भोगेको पिडा र असफलताबाट सबक लिदै सबै मिली एकताबद्ध भई राष्ट्रिय मुक्ति क्रान्ति नेपाल गर्नुको विकल्प नै रहेन। यही क्रान्तिले देशमा सबै नेपालीका लागि शासन र संविधानमा परिवर्तन ल्याउने छ र नेपाल सबै नेपालीका लागि निर्माण गर्नेछ। अबको आगामी क्रान्ति कुनै एक दल वा समुदायबाट सम्भव नै छैन तसर्थ बिधमान सम्पूर्ण परम्परागत पार्टीबाट माथि उठी, औपनिवेशिक विचारलाई तिलान्जली दिएर सम्पूर्ण उत्पीडित जनता जुटेर उठे हाम्रो देशको गौरवशाली बैभव सम्भव छ, जसको निम्ति म नेपाली जनतालाई आह्वान गर्दछु।“ भन्दै आह्वान गर्नु भयो। वहाँले राष्ट्रिय मुक्ति क्रान्ति नेपालको संयोजन गर्दै “आफ्नो ३५ बर्षे राजनैतिक अनुभवले अब परम्परागत आन्दोलनले एवं राजनैतिक मुद्धाले अधिकार, पहिचान चाहनेहरु फरक ढंगले अगाडी बढनु पर्ने सिकाएर नै यो क्रान्तिको आवश्यकता महसुस गरी पुराना विचार र पार्टी सबै छोडी आउनु परेको हो” राष्ट्रिय मुक्ति क्रान्ति नेपालको उदघोष गर्दै भन्नु भयो। राजनैतिक वैचारिक तयारी पश्चात औपचारिक रुपमा राष्ट्रिय मुक्ति क्रान्ति नेपाल गत २०८० फागुन १६ गते काठमाण्डौको भद्रकालीबाट राज्यको निषेधित नीति एवं नियत विरुद्ध संयोजक स्वयं को शाहसपूर्ण प्रतिरोधबाट सुभारम्भ गर्ने काम भयो। त्यसपछी निरन्तर आम जनतामा राष्ट्रिय मुक्ति क्रान्ति नेपालको वैचारिकी मार्फत नयाँ नेपाल-साझा नेपालको वैकल्पिक प्रस्तावना उपर सर्वत्र संवाद एवं संघर्षले गर्दा नेपाली जनतामा आशाको संचार भएको छ।

राष्ट्रिय मुक्ति क्रान्ति नेपाल कुनै पनि आधारमा गरिने हरेक प्रकारको विभेदको उन्मूलन चाहन्छ। हाम्रो यो अभियान जति उच्च छ, त्यति नै स्पष्ट हाम्रो सिद्धान्त, नीति एवं कायक्रर्महरु रहेकोछ। यो क्रान्ति अहिंसात्मक शान्तिपूर्ण सशक्त संघर्ष एवं विद्रोहबाट अखण्ड, समुन्नत, अन्तोदय, सर्वोदय नेपालको निमार्ण गर्ने कार्ययोजना र नौलो दृष्टिकोणसहितको सिद्धान्त नेपाली जनतासमक्ष प्रस्तुत गर्नु आफ्नो दायित्व सम्झेको छ। यस्तो परिस्थितिमा हाम्रो कार्यदिशाबारे सहज बुझाई एवं कार्यनीति तथा कार्य योजनाबारे स्पष्ट बुझाई आवश्यक हुन जान्छ। राष्ट्रिय मुक्ति क्रन्तिका कार्यदिशा एवं मोडलबारे “मूल राजनैतिक कार्यदिशा”मा लेखिएको अनुसार “वर्तमान राष्ट्रिय-अन्तराष्ट्रिय परिस्थिति, हाम्रो आत्मगत शक्ति, वर्तमान राष्ट्रिय मुक्ति आन्दोलनको अवस्था र चरण, तत्काल आन्दोलनबाट प्राप्त हुने उपलब्धि, आदिवासी, जनजाति, दलित लगायत राष्ट्रका मुख्य समस्याहरु सम्वोधन हुने सम्भावना आदिको वस्तुपरक विश्लेषणगरी सोही अनुरुपको वैज्ञानिक विचार तथा सिद्धान्तको विकास र संश्लेषणगरी योजना, कार्यदिशा, नीति तथा कार्यक्रम तर्जुमागरी निर्णायक आन्दोलनको व्यापक तयारी गर्नुपर्ने छ। यसरी नेपालको राष्ट्रिय मुक्ति आन्दोलनलाई अहिलेकै उपलब्धि संस्थागतगर्दै जानुपर्छ भन्ने यथास्थितिवादी सोच र यही उपलब्धिमा क्रमिक सुधार गरेर जानुपर्छ भन्ने सुधारवादी सोचबाट बचाएर आमुल परिवर्तनको दिशामा अगाडि बढाउनु पर्दछ। व्यवाहारिकताको नाममा दैनिक क्रियाकलापमा फस्ने र सिद्धन्तलाई जडमा बुझ्ने दुबै अतिवादी सोचबाट आन्दोलनलाई बचाउनु पर्छ।“ उपरोक्त दिशानिर्देश अवलम्बन गर्दै,

राजनीतिक कार्यदिशा, कार्यक्रम, नीति, योजना र क्रान्तिको वस्तुपरक मोडेलको अभावमा नेपालको मधेश तथा राष्ट्रिय/जातीय मुक्ति आन्दोलन( पहिचानको आन्दोलन) दिशाहीन, लक्षहीन, गतिहीन हुँदै निर्णयक हुन नसकिरहेको यथार्थ हृदयंगम गर्दै, जनमनले देख्न, सुन्न, महसुस र भोग्ने गरी कार्यदिशा, रणनीति र कार्यनीतिले व्यापकता पायो भने हारेको युद्ध पुन जित्न सक्छौं, हारेको मनोविज्ञान पुन उठाउन सक्छौं भन्ने अठोट लिदै, नेपाली जनताको शोषण, पीडा, अपमानविरुद्धको निरन्तर आन्दोलनको पनि सम्मान गर्दै, आफ्नो पवित्र मातृभूमि मुक्त होस्, भन्नका लागि कुर्वानी दिनु भएको ती महान् व्यक्तित्वहरुलाई संसारले सधैं याद गरी नै रहनेछ एवं यो मुक्ति क्रान्तिले नयाँ ऊर्जा र दिशा समेत प्राप्त गरिरहने तथा यी महान् शहीद एवं व्यक्तित्वहरुले देखाएकै बाटोमा सिर्जनात्मक भई राष्ट्रिय मुक्ति क्रान्ति नेपाल संघर्षरत् रहने प्रण गर्दै, यो कार्यदिशाको संश्लेषण, कार्यनिति एवं एकीकृत कार्ययोजना तयार पारिएको हो। निश्चित रुपमा क्रान्ति जटिल प्रकृया हो। क्रियाको प्रतिक्रिया दिएर इमोशनल कुराहरु भडकाएर मात्रै क्रान्ति हुन्न। पुरातन कार्यदिशा र अरुहरु हिंडेको बाटोबाट क्रान्ति सम्भव हुनेवाला छैन। वास्तबमा ठोस परिस्थितिको ठोस बिस्लेषण गर्दै आमुल परिवर्तनको माध्यमद्वारा देशमा हरेक प्रकारको विभेदहरुको अन्त्य गरी स्वदेशवादी राज्य सत्ता स्थापना गर्नको विकल्प प्रस्तुत गर्दै सोही अनुरुपको कार्यदिशाको संस्लेषण, कार्यनिति एवं एकीकृत कार्ययोजनाको आवश्यकता परेको हो।

२.१ बस्तुगत परिस्थिति

पाँच बस्तुगत परिस्थितिले पैदा गरेको पाँच क्रान्तिको अवस्था र यस परिस्थितिको पाँच हल।

नेपालको बस्तुगत परिस्थिति र यस बारे विश्लेषण गरौ ।

क) सबै समस्याको जड राणा हुन् भनियो र जनता आन्दोलनमा उत्रिए। अनेक त्याग, तपस्या र बलिदानपछि राणा शासन फालियो। तर समस्या यथावत् रहे। गरीबी, कुशासन, अविकास, भ्रष्टाचार । यही मौकामा राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरे। त्यसपछि ३० वर्षसम्म रहेको पञ्चायती व्यवस्थालाई प्रगतिको बाधक भनियो। पञ्चायतको अन्त्यका लागि अनेक संघर्ष र बलिदान भए। प्रजातन्त्र आयो। तर पनि जनताको अवस्था उस्तै रह्यो। भोक, रोग, विभेद, असमानता। त्यसपछि माओवादी आए र भने प्रजातन्त्रले पुग्दैन। गणतन्त्र चाहिन्छ। आन्दोलन भयो। गणतन्त्र ल्याउन जनता मैदानमा उत्रिए। हजारौं शहादत दिए, गणतन्त्र आयो। फेरि पनि जनताको अवस्था फेरिएन। फेरि पनि जनताका सपना पूरा भएनन्, किन ?

हाम्रो विश्लेषण- समस्याको जड राणा वा राजतन्त्र भएपनि वास्तबमा उनीहरुसंग उक्त समस्याको हल थिएन। राणाको जहानिया विरुद्ध राजा र प्रजा मिलेर लडे राणा हटाए तर विकल्पमा समस्याको समाधान हुने खालको शासन मोडेल उनीहरु संग थिएन, केवल कुर्सी देखिको ईर्ष्या मात्रै देखियो। राणाहरुले ज्यादती गरे, उनीहरु जहानिया भएर नै यसो गर्न सकेका हुन्, त्यसैले राजा मात्रै जहानियाँ हुनुपर्छ भन्ने अभिप्रेरणाबाट राणा बिरोधि आन्दोलन देखियो। पंचायत समस्या थियो, आन्दोलन भयो तर ०४६ को संविधान बनिरहँदा तत्कालिन अवस्थामा नेपाल सद्भावना पार्टी, जनमुक्ति पार्टी लगायतले राष्ट्रिय मुक्ति संग सम्बन्धित समस्या समाधानको निम्ति सुझाव दिएपनि सो अनुरुप गरिएन। गजेन्द्र नारायण सिंहले त्यसबखत नै भन्नुभएको थियो, “मरिचमानको युगको साट्टो गणेशमानको युग आयो” यसले समस्याको समाधान गर्दैन। माओवादी जनयुद्धले राष्ट्रिय मुक्तिका सोही सवाल उठायो, जनताले साथ् पनि दिए, मधेश-आदिवासी, दलित, मुस्लिम, पिछडा वर्गको आन्दोलनले समाधानका उपाय सुझाएका थिए तर ०७२ को संविधान बनिरहँदा सम्म माओवादी समेतले समस्याको समाधान गर्न चाहेन। वास्तवमा उनीहरुसंग समस्याको समाधान नै थिएन। नेपालमा आजसम्म भएको राजनीति भनेको आफ्नो स्वदेशीय मौलिक सभ्यताबाट पर हटी पश्चिमा ज्ञान सत्तामा आधारित भएर सिद्धान्त एवं कार्यक्रमहरु बनाइए, यसो गर्दा स्वदेशीय जरा काटिए, पर-देशको जरा समाएर बाँच्नुपर्ने भयो। जरा काटिएको समाज र समुदायको आफ्नो मौलिक जीवन र सपना केही पनि हुँदैन। किनभने समाज र समुदायको जरा काटिएपछि आफ्नो सत्व मर्छ। सत्व मारेर समस्याको समाधान गर्छु भन्नु समस्या बारे ज्ञान नै नहुनु हो। यस अर्थमा भन्न सक्छौं कि समस्या राणा वा राजतन्त्र भन्दापनि बरु आन्दोलन र त्यसपछि राज्यको व्यवस्थापन गरेकाहरुसंग समस्याको सहि विश्लेषण र त्यसको समाधान नै थिएन।

ख) राजतन्त्र जहानियाँ र निरंकुश भयो भनेर आन्दोलन गर्ने नागरिकहरु गणतान्त्रिक सत्तामा आसिन हुनेहरुको उस्तै युवराज शैलीको परिवारवाद र राजसी शैलीको ठाट बाठबाट दिक्क छन्। त्यो लोकतन्त्र के लोकतन्त्र जुन लोकतन्त्र लोकतन्त्र जस्तो नभएर नेतातन्त्र, गुटतन्त्र, परिवारतन्त्र, लुटतन्त्र र सेन्डिकेटतन्त्र जस्तो छ ? जहाँ शक्ति सम्भ्रान्तहरूको एउटा सानो र भ्रष्ट वृत्तले सम्पूर्ण राज्य कब्जा गरेर नागरिकलाई निरीह बनाएको छ। जहाँ राष्ट्रपतिदेखि वडाध्यक्षसम्मको चिन्तन, व्यवहार, कार्यशैलीमा नागरिकलाई नयाँ र छोटे राजा सामना गर्नु परेको जस्तो लाग्दछ, त्यो गणतन्त्र के गणतन्त्र ? बहुदलीय व्यवस्था छ तर सबै दल उस्तै उस्तै देखिन्छ, जुनसुकै दल सत्तामा, सरकारमा आएपनि केही परिवर्तन हुँदैन किन ?

हाम्रो विश्लेषण- यस्तो राजतन्त्रझैँ जहानिया र निरंकुश चरित्रको परिस्थिति गणतन्त्रमा पनि निर्माण हुनुमा मुख्य कारण ज्ञान प्रणाली हो। पूर्वीया ज्ञान प्रणालीमा राजतन्त्र समेत जहानिया र निरंकुश नहुने परिकल्पना छ। पश्चिमा ज्ञान प्रणालीमा आधारित जस्तोसुकै राज्यको संरचना होस् नेतृत्व जो सुकैले गरुन तात्विक परिवर्तन हुनेवाला छैन। उक्त ज्ञान प्रणालीबाट उब्जिएको राजतन्त्रको संरचना एकल, निरंकुश हुने नै हो लोकतन्त्र वा गणतन्त्र पनि एकल एवं संस्थापन वाद हुन्छ जसले लोकतन्त्रलाई सिमित बनाइदिन्छ र यस्तो लोकतन्त्रले अत्याधिक जनसंख्यालाई किनारीकृत गरिदिन्छ। अहिले विश्व भरी संसंस्थापन लोकतन्त्र विरुद्धमा किनारीकृत लोकतान्त्रिक आन्दोलनको लहर पनि चलेको छ। अहिले लोकतन्त्रको यो रुप विश्व व्यापी समस्या भएको छ। हरेक पार्टीभित्र संस्थापन पक्ष र किनारीकृत पक्ष रहेको छ। संस्थापन पक्षले उनीहरुले भनेको सबै विषय अर्थात् सबै कुराहरु मान्नै पर्छ भन्ने केही छैन। पार्टी भित्रका किनारीकृत पक्ष पनि खासै प्रश्न नि गर्दैनन्, हल्का फुल्का बिरोध गर्छन केही भाग पाउने आश गर्छन। केही पाउछन अनि चुप लाग्छन। वा संस्थापन एकीकृत धुर्बिकृत भएर पार्टी भित्रको प्रतिपक्षलाई तितरबितर गर्दै अझै किनारीकृत गरिदिन्छन। हुने गरेको यस्तै छ। पार्टीभित्रको लोकतन्त्र निमोठिएको छ नै देशको लोकतन्त्र पनि यसरी नै निमोठिएको छ। संसदमा पनि प्रतिपक्षमा रहेकाहरू कसरी सरकारमा जाने र सरकारमा रहेकाहरु कसरी सरकार जोगाउने कार्यमा मात्रै व्यस्त देखिन्छन्। अर्थात कुन दलको कतिखेर कोसंग गठबन्धन बन्ने ठेगान रहेन। यहाँ सिद्धयंत, दर्शन सबै अहिले हराएको छ। सबै उस्तै भएका छन्, सबै एउटै भएका छन्। किनभने संसंस्थापन लोकतन्त्रका यी दलहरु संसंस्थापन हुन् र संस्थापन वाद जोगाउन एक हुने गर्छन। यँहा लोकतन्त्र, गणतन्त्र, मानवअधिकार, विकास, वृद्धि-संवृद्धि, समाजवादको बहस सम्भ्रान्तीय झुठ, फरेब, जनता झुक्याउने र ठग्ने प्रपन्च साबित भयो। अत मुख्य कारण राज्य प्रणाली वा व्यक्ति वा नेताभन्दा पनि ज्ञान प्रणाली नै हो।

ग) देश संघीय लोकतान्त्रिक गणतान्त्रात्मक मुलुक भयो। तर देशमा आएको संघियता कसका लागि आएको हो ? संघियता र स्वायत्ता माग्नेहरू त् मुख्य रुपमा मधेसी र आदिवासी हुन्, यी दुवै समुदाय संघियाताबाट असन्तुस्ट छन्। त्यो संघीयता के संघीयता, जुन संघीयतामा पहिचान, स्वायत्तता, स्वशासन, वित्तीय तथा प्रशासनिक संघीयता छैन ? जहाँ सभ्यताहरू मर्दैछन्। सबै धार्मिक समुहका निम्ति भनेर घोषणा गरिएको धर्मनिरपेक्षताबाट हिन्दुहरु असन्तुस्ट छन् नै, बाकि धर्मालाम्बिहरु पहिल्याभन्दा बढी असुरक्षित महसुस गर्दै छन। त्यस्तो धर्मनिरपेक्षता के धर्मनिरपेक्षता जहाँ धर्मको नाममा दैनिक राजनीति र गालीगलौज हुन्छ ? मान्छेले स्वतन्त्रतापूर्वक आफ्ना धार्मिक आस्था र संस्कृतिहरू मान्न पाउँदैनन् ? केही खाए वा नखाएको, केही लगाए वा नलाएको निहुँमा मान्छे जेलसम्म जानुपर्छ ? सीमान्तकृतहरु समाबेसिताबाट कुनै परिवर्तन महसुस गर्न सकेका छैनन। पछाडी पारिएका निम्ति हुनुपर्ने आरक्षण बरु उल्टो खुल्ला भनेर राखिएको समुहमा उल्टै तरमरा वर्गका निम्ति आरक्षित भएको छ। आखिर यो परिवर्तन कसको निम्ति भएको हो ?

हाम्रो विश्लेषण- उपलब्धिको रक्षा गर्नुपर्छ भन्ने भाष्य निर्माण गर्न खोज्नेहरु २०७२ को संविधानमा लेखिएको संघियता, गणतन्त्र, धर्म निरपेक्षता, समावेशितालाई मुख्य उपलब्धिको रुपमा व्याख्या गर्ने गर्छन। तर उक्त कथित उपलब्धिहरु जनतासम्म पुर्याउने साधन, संस्था, कार्यविधिहरु यस्ता बनाए कि त्यो जनताभन्दा पनि शासककै सेवा गर्न सकोस । फलत संविधानमा संघियता लेखियो तर जनतासम्म पुग्नै नसकिने गरी, समावेशिता लेखियो तर जनतासम्म पुग्नै नसक्ने गरी, धर्म निरपेक्षता लेखियो तर अराजकता महसुस हुने गरी, गणतन्त्र लेखियो तर राजतन्त्रभन्दा फरक नपर्ने गरी। यसको मुख्य कारण के हो भने संविधान बनाउँदा एकल नश्लीय शासकीय चिन्तन बोकेकाहरुको प्रभावमा,

क्रमशः...

# तीन ठूला दलका शीर्ष नेताहरू नै प्रदेश र स्थानीय सरकारलाई अधिकार दिन चाहेका छैनन्



## डा.शेखर कोइराला

## नेता, नेपाली कांग्रेस

**० मंसिरमा सरकार परिवर्तन हुन्छ भनिँदै छ । भारत, चीन, अमेरिका कसैले पनि यो सरकारलाई मन नपराएको कुरा छ । खास कुरा के हो ?**

– भारत, चीन र अमेरिकाले अहिलेको सरकार मन नपराएको विषय तपाईंलाई कसरी थाहा भयो ?

**० कूटनीतिक क्षेत्रका मानिसहरूले त्यसै भनिरहेका छन् नि ?**

– भारतले भ्रमणको निम्ता दिएको छैन । त्यसकारण तपाईंहरूलाई भारत रिसाएको होलाजस्तो लागेको हुन सक्छ । दुई देशको सम्बन्ध भनेको त्योमात्रै होइन । भारत, चीन, अमेरिका वा अन्य देशले रुचाउने, नरुचाउने भन्ने विषय पनि होइन । यो संसदीय व्यवस्था अनुसार संसदमा हाम्रो संख्या कति पुग्छ, त्यसमा भर पर्ने कुरा हो । नेपाली कांग्रेस र एमालेको संख्या भनेको झण्डैझण्डै दुई तिहाइको बहुमतको संख्या हो । जबसम्म नेपाली कांग्रेसले हात झिक्दैन, तबसम्म यो सरकार चलिरहन्छ । नेपाली कांग्रेसले हात झिक्नुपर्ने अवस्था पनि म देख्दिनँ । यो सरकार अझै राम्ररी चल्छ ।

**० तत्कालीन प्रधानमन्त्री प्रचण्डले देशहरूसँगको सम्बन्धको कुरालाई लिएर 'कम्फर्टेबल' सरकारको कुरा गर्नुहुन्थ्यो ? अहिलेको सरकारचाहिँ कम्फर्टेबल छ कि छैन त ?**

– कम्फर्टेबल सरकार भनेको के ? भाषा मिलाएरमात्रै हुँदैन । बनाउनु पर्ने कम्फर्टेबल नै हो । उनीहरू (भारत, चीन)को चासोलाई हामीले व्यवस्थापन गरिदिन सक्नुपर्छ । उनीहरूको सुरक्षा चासो हुन्छ । अरू चासो हुन्छ । त्यो कन्सर्नलाई हामीले सम्बोधन गरिदिन सक्नुपर्छ । त्यो गरियो भने त भइगयो नि ।

**० सरकारले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउन लागेको विषयलाई तपाईं के भन्नुहुन्छ ?**

– यो सरकार किन बनेको हो, पहिले त्यसमा जानुपर्छ । अस्थिरता भइराखेको छ । हरेक दुईतीन महिनामा सरकार परिवर्तन भइरहेको छ । एकडेढ वर्षमा पहिले एमालेसित मिलेर सरकार बन्यो, त्यसपछि कांग्रेससँग, फेरि एमालेसँग मिलेर सरकार बन्यो । त्यसपछि त कांग्रेस र एमाले मिलेर बनेको हो नि सरकार । अस्थिरताको जगमा पुराना सरकार बनेको भएर अप्ठ्यारो भएको थियो । आम नेपाली जनताले पनि राजनीतिक स्थिरता खोजेका थिए । आम जनताले आशा र भरोसा दिओस् भन्ने अपेक्षा राखेका छन् ।

अहिले यो अध्यादेश आउने भन्ने हल्ला छ (हुन त प्रधानमन्त्री र कानुनमन्त्रीले पनि अध्यादेश ल्याउने कुरा छैन भन्नु भएको छ, राम्रै हो) । यो अध्यादेश ल्याएर के गर्न खोजेको ? सरकार राम्रोसँग चलाउनुहोस् न, भइगयो नि ! जनताले राजनीतिक स्थायित्व खोजेको हो । आर्थिक विकास खोजेको हो । तर, सरकारमा बस्नेहरू रेमिट्यान्स बढेको बढेकै छ भनेर खुसी हुनुहुन्छ । मचाहिँ त्यतिले मात्रै खुसी हुनुपर्छ भन्नेमा छैन । ब्याजदर घटेको छ । किन बैंकमा पैसा थुप्रिएको छ ? ऋण लिन व्यवसायी किन जाँदैनन् भन्ने विषयमा सोच्नु परेन ? किन सीमा क्षेत्रका भारतीय बजार जोगवनी, वीरगञ्ज, सिलिगुढीमा नेपाली गएर सामान किनेर आउँछन् ? त्यसको कारण के हो ? हामीलाई के कुरामा अप्ठ्यारो परेको छ । कच्चा पदार्थ आयातमा कर धेरै लगाइदिएको छ । अनि तयारी वस्तुमा कर कम गरिएको छ । त्यसले गर्दा यहाँका उद्योगहरू धराशायी भए । यो सोच्ने कुरा हो नि ? यस्ता कुराहरूले देशलाई असर गरेको छ । खाद्यान्न हेर्नुहोस्, चिनीको भाउ सीमा क्षेत्रका भारतीय बजारमा ६०-६५ रुपैयाँ प्रतिकेजी छ । नेपालमा १ सय रुपैयाँ प्रतिकेजी छ । मान्छे जहाँ सस्तो र राम्रो हुन्छ, त्यहीँ जान्छन् नि ।

**० भनेपछि, सरकार सोचविहीन भयो ?**

– होइन, म त्यसो भन्दिनँ । गर्न खोज्नु भएको छैन भन्ने पनि होइन । तर, सय दिन बित्यो । अब समय छैन । केही राम्रो काम पनि भएको छ । टीआरसी विधेयक आयो, नागरिक एपमा लाइसेन्स राख्ने कुरा आयो, त्यो राम्रो कुरा हो । त्यस्तै दुधको बाँकी भुक्तानी भयो, उखु किसानको भुक्तानी भएको छ । राम्रो गरेको पनि छ । तर, जनताले त्यो आभास पाइराखेको छैन । त्यो कुरामा उहाँहरू (सरकार) लाग्नुपर्छ ।

अब कुलमान घिसिङलाई हटाउने प्रयास उहाँहरू गरिराख्नु भएको छ । कुलमानले गलत गरेको छ भने हटाउने अरु उपाय होला । तर, बक्यौता उठाउने कुरामा त हटाउन पाइएन नि ! आजै मैले सुन्दैछु, लाइन काट्ने भन्ने कुरा । उहाँले लाइन काट्नेनकाट्ने आफ्नो कुरा हो । तपाईं हामीले एक हजार तिर्न नसक्दा लाइन काट्ने, अनि करोडौं नतिर्नेको चाहिँ नकाट्ने ? त्यस्तो पनि हुन्छ ? उनीहरू व्यवसायी हुन् भनेर काट्न नपाउने ? यो कहाँको नियम कानुन हो ? त्यस्तै उपसभामुखलाई किन हटाउन पऱ्यो ? उहाँबाट केही कमजोरी भएको छ । तर उहाँलाई दुई तिहाई बहुमतले हटाइदिने गरी कमजोरी भएको छ जस्तो मलाई लाग्दैन । त्यो कुराले हामीजस्ता मानिसलाई चिन्तित तुल्याएको छ । उहाँहरूले राम्रो काम गर्नुहोस् । गरिरहनु भएको छ भन्ने पनि लाग्छ ।

**० भनेपछि अहिले नै ओली सरकार ढल्दैन ?**

– यो सरकार मंसिरमा ढल्छ कि भनेर तपाईंहरूले सोध्नु भयो । विदेशीले ढाल्ने पनि होइन । हामीले नै ढाल्ने हो, ढल्ने हो भने । सडकबाट हो भने नेपाली जनताले ढाल्ने हो । संसदबाट ढाल्ने हो भने हामीले ढाल्ने हो । चिन्ता गर्नुपर्ने विषय होइन ।

**० दल विभाजनसम्बन्धी अध्यादेश तपाईंले रोक्नु भएको हो रे नि ?**

– होइन । दल विभाजनसम्बन्धी अध्यादेश रोक्न म को हुँ र ? मैले किन रोक्ने ? तर, अहिलेको सरकारको प्राथमिकता दल विभाजन गर्ने हो ? प्राथमिकतामा पार्ने हो भने कर्मचारी ऐन ल्याउँ, प्रहरी ऐन ल्याउँ न । दल विभाजन नै अहिले किन ल्याउनु पऱ्यो । के यस्तो अप्ठ्यारो पऱ्यो कि दल विभाजन ऐन ल्याएर पार्टी फुटाउन उद्यत हुने ?

**० संघीय सरकारले संघीय निजामती कर्मचारी ऐन, प्रहरी समायोजन ऐनलगायतका विषय नल्याएको कारण प्रदेश सरकार कमजोर देखिएका छन् । त्यो किन ढिलाइ भइरहेको छ ?**

– म एउटा कुरा भन्छु । तीनवटा ठुला दलका तीन वटै ठुला नेता यी कानुन ल्याउन चाहनुहुन्न । केन्द्रमै त्यो अधिकार राख्न चाहनुहुन्छ । त्यो देखिएको छ । कति वर्ष भयो संविधान कार्यान्वयन भएको ? ९ वर्ष भयो । यति समयमा कानुन दिइसक्नु पर्ने होइन ? किन आएको छैन प्रहरी ऐन ? प्रहरीले केही कुरामा असहमति राखेको होला । उनीहरूलाई सम्झाउनु पऱ्यो नि त । कर्मचारीलाई सम्झाउनु पऱ्यो । यही कोशी प्रदेशमा १ वर्षमा ६ वटा ७ वटा मुख्यसचिव परिवर्तन हुन्छ । यसरी पनि प्रदेश चल्छ ? उहाँहरू नै चाहनुहुन्न प्रदेश चलाउन, म त्यो देखिराखेको छु ।

**० जनताले पनि संघीयता नचाहेको कुरा छ नि ?**

– जनताले संघीयता चाहेको छैन भने उल्टाइदिऔं । जनमत सङ्ग्रह गरौं संघीयता चाहिन्छ कि चाहिँदैन भनेर । म त संघीयता चाहिन्छ भन्ने मान्छे हुँ । राम्ररी गर्नुपर्छ । चलाउनु पर्छ भन्ने मान्छे हुँ । तर, कानुन दिने काम त सरकारको हो नि !

**० रास्वपा सभापति रवि लामिछाने पक्राउ परेपछि सडकमा प्रदर्शनहरू भइरहेको छ ? यो कत्तिको जायज छ ?**

– कांग्रेसका मन्त्री, पूर्वमन्त्रीहरू पनि कतिपय इस्युमा जेल जानु भएको छ । तर, नेपाली कांग्रेसले जहिल्यै पनि कानुनी राज्यलाई मानेर हिँडेको छ । हामीले न्यायपालिकालाई अप्ठ्यारो पार्ने काम गरेनौं । न्यायालयले जे भन्छ, त्यसलाई हामीले सहर्ष स्वीकार गरेर हिँडेको राजनीतिक दल हौं । हामी डेमोक्रेसीमा विश्वास गर्छौं । रास्वपाले पनि डेमोक्रेसीमा विश्वास गर्छ भने यो भिडतन्त्रले रविलाई छोडिदेऊ भनेर हुँदैन । न्यायपालिकाले जे निर्णय गर्छ, त्यसलाई स्वीकार गरेर हिँड्नुपर्छ ।

**० धनराज गुरुङ र ऋषिकेश पोखरेललाई अनुसन्धान नै भएन नि ?**

– धनराज गुरुङजी पनि त्यस्ता घटनामा संलग्न हुनुहुन्छ भने छानबिन गर्नुपऱ्यो । धनराजजीले त संसदमै मबारे कुरा उठेको छ, मलाई पनि छानबिन गर भनेर भनिराख्नु भएको छ त । गरे भइगयो नि ! कसले रोकेको छ र ? तर, एउटा कुरा हामीले बुझ्न जरुरी छ । फौजदारी मुद्दामा जो व्यक्ति संलग्न हुन्छ, त्यो व्यक्ति नै दोषी हुन्छ । त्यसको श्रीमान्, श्रीमती वा छोराछोरी संलग्न हुँदैन । त्यो विषय हामीले बुझ्न जरुरी छ ।

यसर्थ त्यो घटनामा धनराजजीको श्रीमतीको संलग्नता छ भनेर आएको छ । ऋषिकेश पोखरेलको कुरा पनि उहाँको श्रीमती पर्नुहुन्छ । फौजदारी मुद्दामा त जो संलग्न छ, त्योमात्रै पर्ने हो । तर, ऋषिकेशजीले छानबिनको माग गरेको सुनेको छैन । धनराजजीले त संसदमै भन्नु भएको छ ।

**० नेकपा एमालेले भाटभटेनीका सञ्चालक मिनबहादुर गुरुङबाट जग्गा लिने कुरा ठिक हो कि होइन ?**

– मिनबहादुरजीलाई म पनि चिन्छु । उहाँ समाजसेवीचाहिँ हो । उहाँले विभिन्न हस्पिटल बनाइदिनु भएको छ । अरु कुरा पनि गर्नु भएको छ । त्यो एउटा राम्रो पाटो हो । तर, आजको दिन पनि ललिता निवास प्रकरण र सम्पत्ति शुद्धीकरणमा उहाँविरुद्ध मुद्दा छ । त्यस्तो मुद्दा चलिरहेको विषयमा एमालेलाई जसरी जग्गा दान दिनुभयो, त्यसले मान्छेमा एउटा शंका उब्जिएको छ । त्यो शंका उब्जनु स्वाभाविक पनि हो । एमालेजस्तो पार्टीले त्यसलाई अहिले नस्वीकारेको भए राम्रो हुने थियो ।

**० कांग्रेसको सभापतिको तयारी गर्नुपर्ने समय नजिकिँदै छ । तपाईं कहिलेदेखि गाउँगाउँ जाँदै हुनुहुन्छ ?**

– कांग्रेसको सभापतिको तयारी यहाँ बस्ने साथीहरूले गर्ने हो, जिल्लाजिल्लामा । महाधिवेशन प्रतिनिधि आएपछि हामी जिल्ला जिल्ला घुम्ने हो । तयारी भइरहेको छ । तयारी गरिरहेको पनि छौं । कांग्रेसको इन्टरनल इलेक्सन हुन्छ । गाउँगाउँ गएर भोट माग्ने कुरा त सभापतिको उम्मेदवारले होइन ।

**० तपाईंले सभापतिको उम्मेदवार उठ्ने हो भनेर घोषणा त गर्नु पऱ्यो होला नि ?**

– अहिले समय छ । सभापतिमा उठ्न त पहिले पनि म उठेकै हो । म पराजित भएकै हो । यस पटक पनि लजिकल छ, म उठ्छु ।

**० कोइराला परिवारको एउटै आवाज किन हुन सकिरहेको छैन ? डा. शशांकले नेपालको प्रधानमन्त्री महिला हुनुपर्छ भनिरहनु भएको छ । गिरिजाबाबु हुँदा एउटै आवाज आउँथ्यो, त्यो किन अहिले हुन सकेको छैन ?**

– कोइराला परिवारको एउटै आवाज बनाउन म प्रयास गरिरहेको छु । तर, गिरिजाप्रसाद कोइराला हुँदा जस्तो हुनका लागि हामी गिरिजाप्रसाद कोइराला नै होइनौं नि त ।

**० कोशी प्रदेश सरकारमा तपाईंको समूहले २ वटा मन्त्री माग्दै हुनुहुन्थ्यो रे । अहिले त मुख्यमन्त्री नै माग्नु हुँदैछ भन्ने चर्चा छ नि ?**

– न त मलाई मुख्यमन्त्री चाहिएको छ, न मन्त्री चाहिएको छ । मलाई केही पनि चाहिएको छैन । तर, राजनीति गर्ने व्यक्तिहरूले आफ्नोमात्रै होइन, आफ्नो समूहको, आफ्नो साथीहरूको सोचाइलाई पनि सँगै लिएर हिँड्नुपर्ने हुन्छ । खाली कोशी प्रदेशमात्रै होइन । सातै प्रदेशको मैले हेरिरहेको छु, उहाँहरूले के गर्दै हुनुहुन्छ भनेर । अलिकति मलाई चित्त नबुझेको कुरा छ । त्यो कुरा म सभापतिजीसँग राख्छु ।

**० भनेपछि कोशीमा स्वास्थ्यमन्त्री अझै खाली रहन्छ ?**

– मन्त्री बनाउने मैले होइन । कोशी प्रदेशको संसदीय दलको नेता र पार्टीको केन्द्रीय सभापतिले बनाउने हो । मैले गर्ने कुरा होइन । मलाई सोधेको पनि छैन ।

**० तपाईंले आ^नो भागमा २ मन्त्रालय माग्नु भयो भन्ने कुरा छ नि ?**

– यो भागको भन्ने कुरै छैन । यहाँ ४० प्रतिशतको कुरा पनि होइन । मैले कुनै भाग मागेको छैन । तपाईंहरू गलत प्रचारमा नलाग्नुहोस् । हो के भने राजनीति गर्दा ह्युमिलेसन भन्ने पनि हुन्छ । त्योचाहिँ मैले हेरिरहेको छु । ७ वटा प्रदेशमा उहाँहरूले के गर्दै हुनुहुन्छ ? कसरी गर्दै हुनुहुन्छ ? मसँग कति सल्लाह लिँदै हुनुहुन्छ भन्ने कुरा हेरिरहेको छु ।

**० के तपाईंलाई ह्युमिलेट गर्ने काम भइरहेको छ ?**

– त्यो हो कि होइन, म सभापतिसँगै कुरा गर्छु ।

**० तपाईंकै गृहप्रदेशको सरकारमा स्वास्थ्य मन्त्री नपठाउँदा तपाईंलाई पनि प्रश्न उठ्दैन ?**

– शेखर कोइरालाले मन्त्री दिने होइन । त्यसरी हेर्नु भयो भने अरु मन्त्रालय शेखर कोइरालाले किन नलिने ? अरु मन्त्रालय किन नदिने ? तपाईंहरूले कसरी शेखर कोइराला समूहलाई स्वास्थ्य मन्त्रालय भनिदिनु भयो ?

**० स्वास्थ्य मन्त्रालय खाली छ नि त ? प्रचार त्यही छ ।**

– मैले मागेको होइन । प्रचार भयो भनेर तपाईंहरूले विश्वास गर्नु पनि गलत भयो नि त ।

**० अहिले मध्यपूर्वमा तनाब देखिएको छ । इजरायल, प्यालेष्टाइन, इरान, लेबनानमा तनाब छ । शान्ति सेनामाथि पनि आक्रमण भएको छ । भारत र चीनबिच उच्चस्तरीय ढंगको वार्ता सकारात्मक देखिएको छ । उता, क्यानडा र भारत, भारत र अमेरिकाको विवाद देखिएको छ । विश्वमा देखिएको यो तनाब र द्वन्द्वमा नेपाल पनि प्रभावित हुनसक्ने कतिपयले भनिरहेका छन् । तपाईंको विश्लेषणचाहिँ के हो ? नेपाल विश्वको यो खालको तनाबमा कुन स्थानमा छ ?**

– नेपाल दुई ठुला छिमेकी देशको बिचमा भएकाले हामीले एकदमै संयमित भएर अगाडि जानुपर्ने आवश्यकता छ । अहिले ब्रिक्समा राम्रो कुरा भएको छ । भारत र चीनका शीर्ष नेताले सीमा क्षेत्रमा शान्ति कायम गर्ने विषयमा वार्ता गरे । त्यो हाम्रोलागि पनि राम्रो कुरा हो । दोस्रो कुरा, अहिले इजरायल, इरान, प्यालेष्टाइन, लेबनानमा लडाइँ चलिरहेको छ । यसमा विश्व ध्रुवीकरण हुने खतरा देखिन्छ ।

एउटा ब्लक रसियन ब्लक र अर्को अमेरिका इजरायल अमेरिकन ब्लक हुने देखिन्छ । त्यसले भोलि अप्ठ्यारो पार्न सक्छ । यस्तै युक्रेन र रसियाको लडाइँलाई 'जी ७' र रसियाको लडाइँ भइरहेको छ । त्यसले गर्दा नेपालीहरू जो डायस्पोरा छन्, तिनीहरूको भविष्य के हुन्छ भन्ने चिन्ता हामी सबैलाई छ । भोलि त्यो द्वन्द्व बढ्दै गयो भने मध्यपूर्वमा रहेका नेपालीहरूको अवस्था के हुन्छ ? उनीहरू फर्किए भने के अवस्था आउन सक्छ ? उनीहरूलाई फर्काउन के गर्ने ? यो सबै कुरामा अहिलेदेखि नै परराष्ट्र मन्त्रालयले गम्भीरतापूर्वक गृहकार्य गर्नुपर्छ जस्तो लाग्छ । नेपाल यसमा धेरै संलग्न छैन । तर, छैन भनेर हामी चुप लागेर बस्नु हुँदैन । आफ्नो नागरिकको लागि हामीले संयमित र सतर्क हुनुपर्छ ।

**० तपाईंले त्यहाँ रहेका नेपालीको सुरक्षाबारे चिन्ता गर्नुपर्छ भन्नुभयो । सामान्य बाढी आउँदा आ^नै देशको राजधानी काठमाडौंमै ४ घण्टादेखि हात उठाएर गुहार मागेका नागरिकलाई उद्धार गर्न नसक्ने सरकारले विश्वका नेपालीको सुरक्षा कसरी गर्ला ?**

– यो कांग्रेस, एमालेको सरकारको मात्रै कुरा होइन । जोसुकै सरकारमा भए पनि नेपालीको सुरक्षा गर्नुपर्छ । अहिले परराष्ट्र मन्त्रालयको प्राथमिकतामा पर्नुपर्छ । खासगरी मध्यपूर्वमा रहेका नेपालीहरूलाई कसरी सुरक्षित हिसाबले राख्न सक्छौं ? भोलि नराम्रो अवस्था त्यहाँ आयो भने उनीहरूलाई हामीले नेपाल ल्याउनु पऱ्यो नि ? अहिले त्यस्तो अवस्था छैन । तर, भोलिका दिनमा त्यस्तो परिस्थिति आउन सक्छ । त्यो कुरालाई ध्यान दिएर अहिलेदेखि गृहकार्य गर्नुपर्छ भन्ने मेरो मान्यता हो ।

**० नेपालले युद्धग्रस्त देशहरूसँगको कूटनीतिक सम्बन्ध कायम गर्ने विषयमा त सरकार परिवर्तनपिच्छे परराष्ट्र नीति परिवर्तन हुन्छ ? हाम्रो देशको कूटनीतिक असफलताको विषयमा विज्ञहरूले पनि बोलिरहेका छन् । अहिले परराष्ट्र मन्त्रालय कांग्रेसले नै सम्हालेको छ । तपाईंले यस विषयमा सो मन्त्रालयलाई के सुझाव दिनुभएको छ ?**

– मैले सुझाव दिएको छैन । दिने बेला आयो भने दिउँला । तर, तपाईंले भनेजस्तै नेपालले हाम्रो परराष्ट्र नीति कांग्रेसको, एमालेको, माओवादीको वा अन्य पार्टीको सबैको एउटै हुनुपर्छ । त्यतातिर हाम्रो ध्यान गएको पाएको छैन । - *रातोपाटी डटकमबाट*

# हाम्रो साझा लक्ष्य समृद्ध नेपाल सुखी नेपालीतर्फ हाम्रो पाइला अघि बढाऔं : प्रम ओली

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,
गएको असार ३१ गतेको दिन, जब मैले पदको शपथ लिँदै थिएँ, तपाईंहरूको नाममा शपथ लिएको थिएँ । किनभने यो सरकार तपाईंहरूको आशा, तपाईंहरूको सपना, र तपाईंहरूको विश्वासले बनेको हो । त्यो दिन मैले तपाईं नाममा शपथ लिनुको दुईवटा कारण छन् । पहिलो, तपाईंकै विश्वास र भरोसाका कारण यो सरकार बनेको हो । दोस्रो, यो सरकार तपाईंकै लागि बनेको हो ।

आज हामीले सत्ता सम्हालेको एक सय दिन पूरा भएको छ । तर म यहाँ तपाईंहरूलाई तथ्याङ्कको लामो सूची सुनाउँदै छैन । किनकि अङ्कहरू आफैँमा के हुन् र ? वास्तवमै महत्वपूर्ण कुरा भनेको ती अङ्कहरूले छोएका जीवन, हल्का बनाएका पीडा, र देखाएका सुन्दर भविष्य हुन् ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,
गएको साउन ६ गते मैले संसद्मा विश्वासको मत लिँदै गर्दा यो सरकारका पाँचवटा प्राथमिकता प्रस्तुत गरेको थिएँ ।'थालेका कामहरू अघि बढाउने र निर्धारित समयमा सक्ने' कुरालाई सरकारले पहिलो प्राथमिकतामा राखेको थियो ।

पहिलो सय दिनमा हामीले कुन-कुन मन्त्रालयअन्तर्गत के-के काम थालेका छौँ र ती थालिएका कामहरू कसरी समयमै सम्पन्न गर्ने भन्नेबारे योजना बनाई कामको प्राथमिकता तोक्यौँ । र, त्यसैको आधारमा प्रधानमन्त्री र मन्त्रीहरूका बीच कार्यसम्पादन सम्झौता गर्‍यौँ । सबै मन्त्रालयले पहिलो, एक सय दिन, दोस्रो सय दिन र बाँकी अन्य दिनभित्र गर्ने कामहरूको सूची बनाए । पहिलो सय दिनभित्र सबै मन्त्रालयको गर्ने भनेको कामको सङ्ख्या २७४ वटा पुग्यो। तीमध्ये १८५ वटा कामहरू सम्पन्न भएका छन् । अर्थात्, यो सरकारले आफूले गर्छु भनेको करिब ७० प्रतिशत काम सम्पन्न गरेको छ । यदि प्रकृति प्रतिकूल नभइदिएको भए बाँकी ३० प्रतिशत काम पनि यो सरकारले पूरा गर्थ्यो ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,
जब म नयाँ प्रधानमन्त्रीका रूपमा शपथ लिँदै थिएँ, त्यसको केही दिन अघिदेखि नै हामी त्रिशूली नदीको सिमलतालमा तीर्थयात्री बोकेको बस यात्रुसहित बेपत्ता भएको दुःखद घटनाबाट शोकमा थियौँ । त्यसको केही दिनपछि सौर्य विमान दुर्घटना, नुवाकोटमा हेलिकप्टर दुर्घटना र भारतीय पर्यटक बस दुर्घटना भयो । गएको असोज १० देखि १३ गते अकल्पनीय बाढी पहिरोको चपेटामा मुलुक पर्‍यो । यसै अवधिमा देशभर सात हजार १३५ वटा विभिन्न प्रकारका विपद्जन्य दुर्घटना भए । प्राकृतिक विपत्तिले धनजनको ठूलो क्षति गर्‍यो । कृषिबाली, पशुचौपाया एवम् सडक, पुल, खानेपानी, सञ्चार, विद्यालय, विद्युतलगायतका भौतिक संरचनामा ठूलो नोक्सानी पुग्यो ।

विपत्तिबाट प्रभावित नागरिकहरूको परिवारहरूलाई तत्काल उद्धार, राहत, अत्यावश्यक भौतिक पूर्वाधार र सेवाको सञ्चालनलाई प्राथमिकतामा राखेर हामीले काम अघि बढायौँ । पीडितपरिवारको राहत, घाइतेहरूको उद्धार र निःशुल्क उपचार, मृतकको परिवारलाई आर्थिक सहयोग र प्रभावित नागरिकको सुरक्षित पुनर्स्थापनमा सरकारलाई केन्द्रित गर्‍यौँ । बाढीपहिरोका कारण मृत्यु भएका ३९१ जनाको परिवारले दुई लाखका दरले राहत पाएका छन् । बाढीपहिरोबाट प्रभावित दुई हजार ५५५ परिवारलाई चार करोड ५० लाख रुपैयाँ तत्काल राहत प्रदान गरिएको छ ।

सङ्कटग्रस्त क्षेत्रका ७१ वटा स्थानीय तहमा ४३ करोड रुपैयाँ विनियोजन गरिएको छ । प्रारम्भिक क्षतिको आकलन गरी अस्थायी बासस्थानको प्रबन्ध गर्ने कामलाई प्राथमिकतामा राख्यौँ । हामी अहिले बाढीपहिरोले क्षति पुर्‍याएका भौतिक संरचनाहरूको निर्माणका कार्ययोजनासहित काम गरिरहेका छौँ । सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका जिल्लाको खानेपानी, विद्युत्, सडक, सञ्चारलगायत अत्यावश्यक सेवा पन्ध्र दिनभित्र सञ्चालनमा ल्याउन जिल्ला विपद् व्यवस्थापन कोषमार्फत रकम उपलब्ध गराइसकेका छौँ ।

यही बीचमा नेपालीहरूको महान् पर्व बडादसैँ आयो । ठाउँ-ठाउँमा बाटाहरू भत्किएका थिए, सडकहरू पहिरोले पुरिएका थिए, र पुलहरू बाढीले बगाएका थिए । राजधानी आउने/जाने सबै बाटा बन्द थिए । प्राकृतिक प्रकोपका कारण चारैतिर एक किसिमको अत्यासलाग्दो अवस्था सिर्जना भएको थियो, जसले जनतामा त्रास छाएको थियो । पहिले त मानिसहरू डराएका थिए–सडक नबन्दा वा जोखिमका कारण कतै घर फर्कन नपाउने हो कि भन्ने डर थियो । तर, सरकारले ती चुनौतीपूर्ण परिस्थितिहरूलाई कुशलतापूर्वक सम्हाल्यो । परिणामस्वरूप, राजधानी आउने बाटाहरू चालु अवस्थामा पुर्‍याए, अब बन्दै बन्दै भनिएको बिपी राजमार्ग हुँदै सवारी साधन चल्न सुरु गरे । यस वषर्को दसैँमा पनि काठमाडौँ छोडेर घर फर्कनेको सङ्ख्या अघिल्लो वर्ष जस्तै करिब आठ लाख १४ हजार २४६ पुग्यो । दसैँमा एक लाख ११ हजार १५४ सवारी साधन काठमाडौँ उपत्यकाबाट बाहिरिए ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,
एक वर्षअघि जाजरकोट, पश्चिम रुकुम, बझाङ, बाजुरा र डोटीमा भूकम्पले गहिरो चोट पुर्‍याएको थियो । ती स्थानहरूको पुनर्निर्माण कार्य त सुरु नै भइसक्नुपर्ने थियो । तर स्रोत व्यवस्थापनका लागि गर्नैपर्ने क्षतिको विस्तृत आकलन (डिडिए) समेत भएको रहेनछ, अस्थायी वासको लागि दिइने २५ हजार राहतमै पुनर्निर्माण कार्य अल्झिएको रहेछ ।



हामीले यस समस्यालाई समेत सम्बोधन गर्नेगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकबाट क्षतिको विस्तृत आकलन पूरा गर्दै, ती ठाउँमा स्थायी निजी आवास पुनर्निर्माणको काम अघि बढाउन आवश्यक बजेट १५ दिनभित्र उपलब्ध गराउने निर्णय गरिसकेका छौँ । हाम्रो उद्देश्य पीडित जनताको जीवनमा स्थिरता र सुरक्षा फिर्ता ल्याउनु हो । अब, एक वर्षअघिको भूकम्पले क्षतिग्रस्त भएका घरहरू र यस वर्षको बाढी र पहिरोले पीडित नागरिकहरूको आवास पुनर्निर्माण सँगसँगै अघि बढ्नेछ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,
प्राकृतिक विपत्तिले सरकारको कामलाई केही समय धीमा त बनायो, तर सरकार सम्हालिँदै अघि बढ्यो । लामो समयदेखि ३५ जिल्लाका ३० लाखभन्दा बढी किसान दूधको भुक्तानी नपाएर कठिनाइमा थिए । बितेको एक सय दिनमा, लगभग १५ लाख दुग्ध किसानले भुक्तानी पाएका छन् । उनीहरूले पाउने रकम भुक्तानीका लागि सरकारले ६० करोड रुपैयाँ निकासा गरेको थियो ।

त्यसैगरी, करिब ७५ हजार उखु किसान, जसले वर्षौंदेखि आफ्नो पसिनाको मूल्य पाउन सकेका थिएनन्, उनीहरूले पनि आफ्नो अनुदान बापतको भुक्तानी पाइसकेका छन् ।कृषिबाली तथा पशुधन बीमामा समावेश भएका हजारौँ कृषकले पनि अब राहतको श्वास फेरेका छन् । बितेको एक सय दिनमा, तिनीहरूको बीमाबापतको भुक्तानी गर्न ८० करोड रुपैयाँ बीमा प्राधिकरणको खातामा पठाइएको छ । हिउँदे बालीका लागि चाहिने रासायनिक मलको बन्दोबस्त गरिसकिएको छ ।

हामीले संसद्मा भनेका थियौँ–निर्माण सम्पन्न गरेर भुक्तानी पाउन नसकेका निर्माण व्यवसायीहरूलाई समयमै भुक्तानी दिनेछौँ। निर्माण व्यवसायीहरूले पाउनुपर्नेमध्ये सङ्घीय मन्त्रालयहरूबाट ६ अर्ब ७५ करोड रुपैयाँ यस अवधिमा भुक्तानी पाइसकेका छन् ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,
संसद्बाट विश्वासको मत लिने बेला प्रस्तुत गरेको अर्को प्राथमिकता थियो- उद्यमशीलताको प्रवर्द्धन ।

काम गर्ने युवाहरूलाई देशमा केही अवसर छैन, विदेश नै भासिनुपर्छ भन्ने समाजमा जबर्जस्त भाष्य छ । उद्योग मन्त्रालयले १६५ जना युवालाई खुला आवेदनको माध्यमबाट विनाधितो २५ लाख रुपैयाँ सम्मको 'स्टार्टअप' कर्जा प्रवाह गरेका थियो । ती युवाहरूले आफ्नो व्यवसाय सञ्चालन गरेर कर्जाको सावा/ब्याजको किस्ता भुक्तानी समेत सुरु गरेका छन् । यस वर्ष पाँच हजार १५८ जना उद्यमीले स्टार्टअप कर्जाका लागि प्रस्ताव पेस गरेका छन् । प्राप्त प्रस्तावहरूमध्येबाट स्टार्टअप उद्यमी छनोट गरी पुस मसान्तभित्र कर्जा प्रवाह गर्ने तयारी गरिएको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,
संसद्बाट विश्वासको मत लिँदैगर्दा मैले भनेको थिएँ- 'कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीउपर कानुनी कारवाही अघि बढाउँछौँ । जोसुकै भए पनि सहकारी ठगलाई कानुनी कारवाही गर्नेछौँ ।'

आज यहाँ उभिएर म यो भन्ने ठाउँमा आइपुगेको छु- सर्वसाधारणले सहकारीमा जम्मा गरेको रकम अपचलन र ठगी गर्नेहरूलाई सरकारले कानुनी कारबाहीको दायरामा ल्याएको छ । सहकारी ठगी गर्ने व्यक्तिहरूमाथि कानुनी कारवाही सुरु भएको छ । हालसम्म ६ सयभन्दा माथिलाई कानुनी कारबाही गरिएको छ, ५७५ भन्दा बढी त जेलमै छन् । सहकारी ठगहरूलाई कारबाही गर्ने मात्र होइन, बचतकर्ताको बचत फिर्ता गर्नका लागि आवश्यक पर्ने सहकारी प्राधिकरण ऐन तर्जुमा गर्ने र सहकारी कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधीकरण स्थापना गर्ने काम पनि सँगसँगै अघि बढाइँदैछ ।

भ्रष्टाचार नियन्त्रण र सुशासन एकछिनको हल्लाबाजी र 'सुटिङ' गरेर देखाउने विषय बन्नु हुँदैन । यसले सुशासनको प्रणालीका रूपमा गति लिनुपर्छ । भ्रष्टाचार नियन्त्रणमा सरकारले क्यामेरालाई होइन, कानुनलाई गुरु मानेको छ । 'भ्रष्टाचारी समातियो' भन्ने केही समय हल्ला मच्चिने, तर परिणाममा भ्रष्टाचार बढ्दै जाने खालको अवस्था होइन, परिणाममा भ्रष्टाचार नियन्त्रण हुने कानुनी प्रणाली स्थापित हुने पद्धति बसाल्ने हाम्रो प्राथमिकता छ ।

भ्रष्टाचारका कसुरमा फस्ने त्रास र त्यसबाट उम्किने आकाङ्क्षा, भ्रष्ट र भ्रष्टाचारका मतियार जोगाउने उद्देश्यका साथ देशमा अस्थिरता र अराजकता फैलाउन खोज्ने तत्वहरू सक्रिय रहेको हामीले देखिरहेका छौँ । सरकारले विकास र सुशासनका लागि सही दिशामा काम अघि बढाएकाले भ्रष्टहरूको मोर्चा बन्नु बेग्लै कुरा हो । तर, म प्रतिबद्धता दोहोर्‍याउन चाहन्छु- राष्ट्रियताको रक्षा, राष्ट्रिय हितको संरक्षण, सुशासन र विकासका काममा सरकारले कसैसँग कुनै सम्झौता गर्दैन ।

हामी सरकारमा आउँदा अर्थतन्त्र डावाडोल थियो । आज त्यसमा सुधारका सङ्केतहरू देखापरेका छन् । निजी क्षेत्रकै मागबमोजिम अर्थतन्त्र सुदृढीकरणका लागि आर्थिक सुझाव आयोगजस्ता महत्वपूर्ण आयोगहरूको गठनले व्यवसायीहरूमा आत्मविश्वास पलाउँदै गएको छ । परिणमस्वरुप, एक सय दिनको अवधिमा २०० वटा उद्योगमा करिब ३४ अर्ब रुपैयाँ लगानीको प्रतिबद्धता आएको छ । अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञ संस्थाबाट नेपालको सार्वभौम साख मूल्याङ्कन (क्रेडिट रेटिङ) को कार्य अन्तिम चरणमा पुगेको छ । लामो समयदेखि गिरेको शेयरबजार प्राकृतिक विपत्तिको प्रतिकूलताका बीचमा पनि प्रगतिकै लयमा छ ।

नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म र अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार तथा टर्मिनल भवन निर्माण कार्य अगाडि बढाउन नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच सम्झौता सम्पन्न भएको छ ।

वस्तु, सेवा र प्रक्रियाको गुणस्तरलाई सुनिश्चित गर्न, मापदण्डको आवश्यकतालाई ध्यानमा राख्दै नेपाल एक्रिडिटेसन सेन्टर सञ्चालनमा ल्याइएको छ । यस संस्थाले मुलुकभरका विभिन्न क्षेत्रका गुणस्तर निर्धारण गर्ने संस्थाहरूको कार्यक्षमता, पारदर्शिता, र प्रमाणिकताको मापन गर्ने जिम्मेवारी बहन गर्नेछ ।चालु आर्थिक वर्षको असोज मसान्तसम्म सङ्घीय सरकारी खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही प्रतिशतले वृद्धि भई करिब ३२९ अर्ब रुपैयाँ पुगेको छ । कुल राजस्व परिचालन १३ दशमलव तीन प्रतिशतले वृद्धि भई करिब २४८ अर्ब रुपैयाँ पुगेको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,
अभाव र गरिबीको जीवन बाँचिरहेका नागरिकहरूको सेवा, हाम्रो तेस्रो प्राथमिकता थियो । यसका लागि हामीले आर्थिक अभावमा जलनको उपचार गर्न नसक्ने नागरिकहरूका लागि सातवटै प्रदेशमा निःशुल्क उपचारको व्यवस्था गरेका छौँ । कोशी प्रदेशको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश प्रदेशको नारायणी अस्पताल, बागमती प्रदेशको कीर्तिपुर अस्पताल, गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशको भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमार्फत उपचार खर्च व्यहोर्न नसक्ने नागरिकलाई कस्मेटिक बाहेकको जलन उपचार निःशुल्क गर्ने व्यवस्था गरिएको छ । यसअघि तीनवटा प्रदेशमा मात्रै उपलब्ध रहेको क्यान्सर उपचार सेवा सातै प्रदेशमा विस्तार गरेका छौँ । देशभरका १९ वटा सङ्घीय अस्पतालहरूमा दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गरी १८ सङ्घीय अस्पतालहरूमा सहज उपचार सेवा प्राप्तिका लागि टोकन प्रणाली लागू गरिएको छ ।

दिदीबहिनी तथा दाजुभाइहरू,
सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती र प्रशासनिक काममा हुने झन्झट र नागरिक सेवालाई मध्यनजर गरी हामीले केही कामको थालनी गरेका छौँ । अब सवारी चालकले 'ट्रायल पास' गर्नासाथ नागरिक एपमा नै लाइसेन्स पाउनेछन् । सवारी नियम उल्लङ्घनको जरिवाना तिर्दा अब जहाँ नियम उल्लङ्घन भएको हो, सोही स्थानमा जरिवाना भुक्तानी गर्न सकिने सजिलो व्यवस्था सरकारले गरेको छ । कुनै पनि सरकारी सेवा लिन कार्यालय धाउनु नपर्ने, कर्मचारी भेट्नु नपर्ने र घरमै बसेर सबै सेवा लिन सक्ने व्यवस्था गर्दैछौँ । यसले सेवा प्रवाहमा हुँदै आएको झन्झट अन्त्य हुने र सुशासन प्रवर्द्धनमा सहयोग पुग्नेछ ।

सरकारी कार्यालयमा कामका फाइलहरू अड्काउने, कामको समयावधि लम्ब्याउने र यसबाट सेवाग्राहीले दुःख पाउने स्थितिबाट मुक्त गर्न क्युआर कोडमार्फत फाइल 'मुभमेन्ट ट्र्याकिङ' गर्ने प्रणाली परीक्षणका रूपमा सुरुआत गरेका छौँ । अब तपाईंले सरकारी अफिसमा हुने तपाईंको आफ्नो कामको जानकारी मोबाइलबाटै पाउनु हुनेछ । लगानीकर्ताको भौतिक उपस्थितविना कुल पुँजी ५० करोड रुपैयाँसम्मको विदेशी लगानी स्वचालित प्रणालीबाट तुरुन्त स्वीकृतिको प्रमाणपत्र प्राप्त गर्न सक्नेगरी उद्योग विभागमा स्वचालित मार्ग कार्यान्वयनमा आएको छ ।नेपाल ल्यान्ड इन्फरमेसन सिस्टम लागू भएका ५८ नापी कार्यालयमा अनलाइनमार्फत सेवा 'ट्र्याकिङ' प्रणाली लागू भएको छ ।

बाँकी पृष्ठ ५ मा

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# हाम्रो साझा...

नेपालभरका २६७ वटा मालपोत कार्यालयमा ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्त नागरिकले लाइनमा नबसी सेवा प्राप्त गर्नेगरी व्यवस्था गरिएको छ । वैदेशिक रोजगारीमा मृत्यु भएकाहरूको परिवारलाई यसअघि दिने गरिएको क्षतिपूर्ति रकम रु सात लाखबाट रु १० लाख पुऱ्याइएको छ । बिरामी उपचार खर्च पाएर मृत्यु भएकाहरूले क्षतिपूर्ति नपाउने यसअघिको व्यवस्थाको सट्टा उनीहरूको परिवारलाई पनि रु १० लाख उपलब्ध गराउने व्यवस्था गरिएको छ । विदेशमा रोजगारी अनुमतिपत्र नभएकाहरू र यस वर्षको सेप्टेम्बरभित्र विदेशमा रहेकाहरूले नेपाली नियोगमा आवदेन दिएमा उनीहरूलाई 'वर्क परमिट' उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

देशभित्र बनेका भौतिक पूर्वाधारको अधिकतम प्रयोग गर्ने र त्यसबाट लाभ लिने यो सरकारको घोषित नीति हो । त्यसैले राम्ररी सञ्चालनमा नआएका अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग बढाउन यस सरकारले ठोस कदम चालेको छ । भैरहवा र पोखरामा फ्लाइट आकर्षित गर्न भैरहवा र पोखराको लागि हवाई इन्धनको मूल्यमा प्रतिलिटर शून्य दशमलव ३७ डलर कम गरी अन्तर्राष्ट्रिय उडानको प्रबन्ध गर्न सफल भयौं ।

अब आउँदो कात्तिक २४ गतेदेखि दुबईदेखि भैरहवासम्म र काठमाडौं हुँदै भैरहवादेखि दुबईको उडान सुरु हुनेछ । फ्लाई दुबईले हप्ताको सातै दिन दुबई र भैरहवा एवम् काठमाडौं हुँदै भैरहवा र दुबईबीच उडान भर्नेछ । जजिरा एयरवेजले हप्ताको तीन दिन भैरहवा र कुवेत एवम् कुवेत र भैरहवाबीच सिधा उडान भर्ने कार्यतालिका स्वीकृत भएको छ ।

क्रिकेट मैदान भएको तर आवश्यक पूर्वाधार नभएको गुनासोलाई सम्बोधन गर्न सरकार गठन भए लगत्तै हामीले तीन सय दिनभित्र कीर्तिपुरको क्रिकेट मैदानमा फ्लड लाइट जोड्ने, स्कोर बोर्ड राख्ने र राति पनि खेल्न मिल्नेगरी रङ्गशाला बनाउने निर्णय गरेका थियौं । कीर्तिपुर क्रिकेट रङ्गशालामा फ्लड लाइट जडान र प्यारापिट निर्माण गर्न सहरी विकास मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्बीच समझदारी भई काम सुरु भएको छ ।

नेपालले आफूलाई चाहिनेभन्दा बढी उत्पादन गरे पनि विद्युत् ऊर्जा बिक्री गर्नसक्ने सम्भावनामाथि निकै प्रश्न उठ्ने गरेको छ। तर, गत एकसय दिनको अवधिमा बङ्गलादेशमा ४० मेगाबाट विद्युत् निर्यातका लागि त्रिपक्षीय विद्युत् बिक्री सम्झौता भएको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

अग्रज पुस्तादेखि आजको पुस्तासम्मको लामो सङ्घर्षले संविधानसभामार्फत हाम्रो संविधान जन्मियो, जसले देशलाई नयाँ दिशामा अग्रसर गऱ्यो । सरकारले संविधान दिवसलाई राष्ट्रिय दिवसका रूपमा मनाउने निर्णय गरे पनि विगतका वर्षहरूमा यो दिवस सरकारी औपचारिकतामा सीमित सरकारी कार्यक्रमजस्तो मात्र रहँदै आएको थियो ।

यस वर्ष भने, सरकारको प्रयासले पहिलोपटक नागरिकस्तरमा व्यापक जनसहभागितासहित संविधान दिवसलाई एक उत्सवमय र उल्लासपूर्ण रूपमा मनाइएको छ । समाजका हरेक तप्का, वर्ग, क्षेत्र, पेसा र व्यवसायबाट सहभागी भएको खुसी यहाँ म तपाईंहरूसँग बाँड्न चाहन्छु । यस वर्षको संविधान दिवसमा पहिलोपटक 'नेसनल डे कन्सर्ट' आयोजना गरियो, जहाँ विभिन्न विधाका कलाकार, नवयुवाहरू र सबै पेसाका प्रतिनिधिहरूले एकसाथ भेला भई संविधान दिवसमा खुसी साट्ने मौका पाए । यसरी, राष्ट्रिय दिवसलाई हामीले जनताको उत्सवका रूपमा परिणत गर्‍यौं ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

पछिल्ला एक सय दिनमा महत्वपूर्ण प्रगति हासिल भएका छन् । ' फास्टट्र्याक'को मकवानपुरको धेद्रे सुरुङ 'ब्रेक थ्रू'भएको छ । नागढुङ्गा मुख्य सुरुङको लाइनिङ पनि सफलतापूर्वक सम्पन्न भएको छ । रुपन्देहीको सिद्धबाबा सुरुङमा उल्लेखनीय प्रगति भएको छ, जहाँ ३९६.८५ मिटर सुरुङ खन्ने काम मात्र एक सय दिनभित्र पूरा भयो, र अहिलेसम्म ६४७ मिटर सुरुङ खनिएको छ ।सडक निर्माण र मर्मतका क्षेत्रमा पनि ठूला उपलब्धिहरू हासिल भएका छन् । बितेको सय दिनमा चार हजार ३८ किलोमिटर सडक मर्मत गरिएको छ, र ३२.५ किलोमिटर सडक कालोपत्र गरिएको छ, जसले यातायातलाई थप सहज र सुरक्षित बनाएको छ ।

ऊर्जा उत्पादनको क्षेत्रमा, माथिल्लो त्रिशूली ३ 'ए' जलविद्युत् आयोजनामा दुईवटा टरबाइनसहित मेकानिकल पार्ट्सको मर्मत-सम्भार गरी ३० मेगावाट विद्युत् उत्पादन सुरु भएको छ। साथै, चिलिमे हब जिआईएस सबस्टेसन र त्रिशूली हब हाइब्रिड जिआइएस सबस्टेसन पनि सञ्चालनमा आएको छ, जसले देशको विद्युत् प्रणालीलाई थप सुदृढ बनाएको छ ।

विषय त सानै होला तर खास ठाउँका लागि महत्वपूर्ण छ । देशभरका ७५३ पालिकामध्ये, सैंपाल गाउँपालिका एकमात्र यस्तो स्थानीय तह थियो, जहाँ वित्तीय संस्थाको पहुँच थिएन । प्राविधिक रूपमा असम्भव मानिएको उक्त गाउँपालिकामा, जब वाणिज्य बैङ्कको शाखा स्थापना भयो, करिब ५०० घरधुरीका तीन हजार जनाले यसबाट प्रत्यक्ष लाभ पाउने अवसर प्राप्त गरेका छन् ।

त्यस्तै, हुम्ला जिल्ला एकमात्र यस्तो जिल्ला थियो, जहाँ 'फाइबर टू द होम' (एफटिटिएच) सेवा अझै पुगेको थिएन । तर, गत भदौदेखि यो सेवा पनि सञ्चालनमा आएपछि, अब ७७ वटै जिल्लामा यस सुविधाको पहुँच पुऱ्याइएको छ, जसले दूरदराजका क्षेत्रहरूमा 'डिजिटल कनेक्टिभिटी'को नयाँ युगको सुरुआत गरेको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

कानुन वा नीति/निर्माणको प्रगतिले सर्वसाधरणलाई प्रत्यक्ष त केही असर नगर्ला तर तिनै नीतिहरू शासन र प्रशासनको आधारशिला हुन् । ती विना राज्य चल्नै सक्दैनन् । यस अवधिमा, विभिन्न मन्त्रालयसँग सम्बन्धित चार दर्जनभन्दा बढी ऐन, नियम, र कार्यविधिहरूमा सहमति प्रदान गरिएको छ ।

यस अवधिमा १७ वर्षअघि देखि थालनी भएको शान्तिप्रक्रियाका बाँकी कामलाई अन्तिम निष्कर्षमा पुऱ्याउन हामी सफल भएका छौं । त्यस सिलसिलामा 'सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिबाट स्वीकृत र प्रमाणीकरण भएको छ । आयोग गठनका लागि सिफारिस समिति बनेको छ र त्यसले आयोग गठनको प्रक्रिया अघि बढाएको छ । लामो समयदेखि द्वन्द्व खेपेको हाम्रो समाजका लागि यो सुखद सन्देश हो ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

यस सरकारमा तपाईंहरूले विश्वाससाथ चुनेका संसद्का प्रमुख दुई दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) छन् । मैले सरकारको नेतृत्व गरेको छु । यी दुवै दल लोकतन्त्रका लागि लामो सङ्घर्ष र योगदान गरेका तथा लामो इतिहास भएका दल हुन् । यी प्रतिस्पर्धी दल हुन्, तर राजनीतिक स्थिरता, विकास, सुशासन दुवै दलका साझा प्रतिबद्धता छन् । यी प्रतिबद्धता पूरा गर्न बिग्रिएको स्थितिलाई सही ठाउँमा ल्याउनुपर्छ । अफवाह, झुठ, स्टन्ट र अराजकताले बिथोलेको सामाजिक जीवनलाई यथार्थमा आधारित, शान्त र सुसंस्कृत बनाउनुपर्छ ।

हामीले हाम्रो छिमेक सम्बन्धलाई न्यायोचित राष्ट्रिय हितमा अडिँदै पारस्परिक लाभ र सम्मानका आधारमा अघि बढाएका छौं । हामी स्पष्टतः सुमधुर र उपलब्धिपूर्ण छिमेक सम्बन्ध, शान्तिपूर्ण, न्यायोचित र जिम्मेवार अन्तर्राष्ट्रिय सम्बन्धमा विश्वास गर्छौं । विश्वका कतिपय भूभागमा भएका हिंसा र तनावबाट हामी चिन्तित छौं, वार्ताको माध्यमबाट ती सबै तनावहरूको शान्तिपूर्ण समाधान चाहन्छौं । सबैले संयमतापूर्वक शान्ति स्थापनामा लाग्न जरुरी ठान्छौं ।

म यहाँ एउटा तथ्य उल्लेख गर्न चाहन्छु- सरकारले १०० दिन पूरा गरेपछि होइन, सरकार बनेकै दिनदेखि विरोध सुरु गरियो । यसको कारण थियो- देशमा साम्प्रदायिक विद्वेष खडा गर्ने, अराजनीतिक बोली र व्यवहारबाट हाम्रो सभ्यता र संस्कृतिमाथि हमला गर्ने, चलिरहेका उद्योगहरू बन्द गराउने, पुँजी पलायन गराउँदै देशको अर्थतन्त्र र वाणिज्य क्षेत्रलाई तहसनहस पार्ने र नयाँ उद्योग स्थापना हुन नदिने ।

अहिले साम्प्रदायिक विद्वेष, घृणा र परस्पर बेमेलको वातावरण पैदा गरेर हाम्रो राष्ट्रिय एकतालाई बिथोल्ने र प्रतिगमनतर्फ लैजाने प्रयास पनि भइरहेको छ । तर नेपाल र नेपालीलाई प्रतिगमन कुनै हालतमा स्वीकार्य छैन । सरकारले लोकतन्त्रलाई सुदृढ गर्न बनेको संविधानको रक्षा गर्ने छ । साम्प्रदायिक विद्वेष र घृणा होइन, सामाजिक न्याय र समानतामा आधारित सामाजिक सद्भावको बाटोबाट राष्ट्रिय एकता कायम गर्ने हाम्रो नीति दृढताका साथ कार्यान्वयन गर्ने छ । हाम्रा सुन्दर, शिष्ट र समृद्ध सामाजिक-सांस्कृतिक मूल्यहरूलाई कमजोर पार्ने प्रयत्नलाई असफल बनाउनेछ ।

सरकार अहिले ढल्छ, भरे ढल्छ, भोलि बिहानै ढल्छ भन्ने जस्ता अफवाह पनि फैलाउने गरिएको छ । यो काम गर्न नदिने उद्देश्यले चलाइएको हल्ला हो । कांग्रेस र एमालेजस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार ढल्ने दिवासपना कसैले नदेखे हुन्छ । हामीलाई काममा सफलता पाउन कर्मचारी प्रशासनको सहयोग चाहिन्छ । अझ सरकारका प्राथमिकतालाई नागरिकको जीवनमा विस्तार गर्न मुख्य जिम्मेवारी 'ब्यूरोक्रेसी'ले निर्वाह गर्नुपर्छ । कामका दौरानमा मलाई कतिपयले सुनाउनुहुन्छ- बारम्बार सरकार फेरबदलका घटनाहरूले ब्यूरोक्रेसी नै अल्मलिएको छ, कर्मचारीले काम होइन स्थायित्वप्रति आशङ्का गर्छन् । त्यसरी सुनाइएका कुराहरूलाई मैले खण्डन गर्ने गरेको छु- कर्मचारीले नै काम गर्ने हो । ब्यूरोक्रेसीको नेतृत्व गरेका मुख्य सचिव र सचिवज्यूहरू यहीँ हुनुहुन्छ । उहाँहरू पनि मेरो भनाइसँग पक्कै सहमत हुनुहुन्छ- राजनीतिक नेतृत्वले नीति र प्राथमिकता अघि सार्छ, कर्मचारी प्रशासनले त्यसलाई कार्यान्वयन गर्छ ।

सीमित स्रोतसाधन, विरासतमा प्राप्त भएको बिग्रँदो आर्थिक अवस्था र अचानक आइपरेको प्राकृतिक विपद्का बाबजुद सरकारले नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनलाई शीघ्र, प्रभावकारी, नतिजामुखी र नागरिकमैत्री बनाउँदै कार्यान्वयन गरिरहेको छ ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

हामीलाई राम्ररी थाहा छ–यो सरकारप्रति तपाईंहरूको अपेक्षा उच्च छ । तपाईंको अपेक्षालाई पूरा गर्नु सरकारको दायित्व हो । तर यहाँनेर हाम्रो काम र अपेक्षाबीच सन्तुलन चाहिएको छ । हाम्रो सङ्कल्प असीमित भए पनि हामीसँग भएको स्रोतसाधन सीमित छ ।

नागरिकको अपेक्षा मात्रै बढाए पुग्ने तर कामको जिम्मेवारी लिनु नपर्ने पक्षले समाजमा असन्तुष्टिको माहौल खडा गर्न खोजेको छ । मिलेर सामना गर्नुपर्ने राष्ट्रिय सङ्कटबाट पनि राजनीतिक लाभ खोजिरहेको छ । तपाईंहरूले यस कुरामा विचार पुऱ्याउनुपर्ने र हामीले आफ्नो कामको रफ्तार बढाउनुपर्ने छ ।

सय दिन सकियो, अर्को सय दिन र बाँकी अवधिमा गर्ने कामका योजनाहरू आजबाट सुरु हुन्छन् । बितेका एक सय दिनमा हामीले विपत्तिका बीच पनि गरेका केही नवीन थालनी स्थिरता, सुशासन र विकासको लक्ष्यतर्फका पाइला हुन् ।

प्रिय दिदीबहिनी तथा दाजुभाइहरू,

आउनूस्, हाम्रो साझा लक्ष्य समृद्ध नेपाल सुखी नेपालीतर्फ हाम्रो पाइला अघि बढाऔं ।

धन्यवाद ।

७ कात्तिक २०८१

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका

धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका

महोत्तरी, मधेश प्रदेश




## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका

सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौं त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका

महोत्तरी, मधेश प्रदेश

# रविको बचाउमा प्रधानमन्त्री ओलीमाथि खनिए प्रभु साह



काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीसंग 'गौर हत्याकाण्ड'का हत्यारालाई कारवाही गर्न माग गरेका छन् । गौर हत्याकाण्डका हत्यारालाई कारवाही गर्न ढिलाई किन गरिएको भन्दै उनले सरकारको आलोचना समेत गरेका छन् ।

बालुवाटारमा हिजो साझ प्रधानमन्त्री ओलीसंगको भेटघाटमा आजपा अध्यक्ष साहले गौर हत्याकाण्डका हत्यारालाई छिटोभन्दा छिटो कारवाही गर्नुपर्ने बताए । पीडित परिवारलाई न्याय दिलाउँन आफ्नो पूर्ण साथ सहयोग रहने बताउँदै अध्यक्ष साह हत्याराहरु खुलेयाम घुमिरहदा समेत सरकार रमिते भएको आरोप प्रधानमन्त्रीकै अगाडी लगाए ।

सरकारलाई समर्थन गरेकै आधारमा जसपा अध्यक्ष उपेन्द्र यादवलाई बोक्ने र सरकारको विरोध गरेका कारण रास्वपा अध्यक्ष रवि लामिछानेलाई जाक्ने काम ठिक नभएको उनले बताए ।

'सरकारको नेतृत्वमा नहुँदा हिजोको दिनमा प्रधानमन्त्री ओलीजीले संसदमा सहकारी ठगी प्रकरणमा रवि निर्दोष भएको बताउँने तर आज सरकारको विरोध गरेपछि रविजी दोषी कसरी भए ?' आजपा अध्यक्ष प्रधानमन्त्री ओलीसंग प्रश्न गर्दै भने, 'सरकारको समर्थन गरेकै आधारमा गौर हत्याकाण्डका उपेन्द्रहरुलाई बोक्ने र विरोध गर्ने रविहरुलाई जाक्ने काम ठिक होईन् । उनले सरकारको समर्थन वा विरोध गर्ने आधारमा नभई प्रमाणका आधारमा कारवाही हुनुपर्ने बताए । तर सरकारले विरोध गर्ने विपक्षीलाई जेल हाल्ने र दोषी भए पनि सरकारको समर्थन गर्नेलाई बोक्ने काम प्रधानमन्त्री ओलीले गरिरहेको आरोप लगाए ।

'गौर हत्याकाण्डका हत्यारालाई कारवाही गर्न सरकारले आलटाल गरिरहेको छ । हत्यारासंगै साठगाठ गरेको छ । यस्तो अवस्थामा पीडितले कसरी न्याय पाउँछ ?' आजपा अध्यक्ष साहले सञ्चारकर्मीसंग भने, 'हामीले यस बारेमा पटक पटक सरकारलाई ध्यानाकर्षण गराउँदै आएका छौं । यसभन्दा अघिल्लो सरकारले कारवाहीका लागि पहल गरेको थियो । तर अहिले आएर सरकारले हत्यारासंगै साठगाठ गरेकाले हत्याराहरु खुलेयाम घुमिरहेका छन, सरकार रमिते भएको छ ।'

आजपा र गौर हत्याकाण्डपीडित संघर्ष समितिले न्यायको माग गर्दै आन्दोलन गर्दै आएको छ । गौरदेखी काठमाडौंसम्म यसबारेमा आन्दोलन हुदै आएको छ । हत्यारालाई कारवाही नगरिए बाध्य भएर शसक्त आन्दोलनमा जानुपर्ने हुनसक्ने उनले जनाएका छन् । हत्यारालाई कारवाही गराउँन आजपाले शसक्त आन्दोलन गर्ने चेतावनी समेत दिदै आएको छ ।

२०६३ चैत्र ७ गते दिउँसो १ बजे उपेन्द्र यादव नेतृत्वको तत्कालिन मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरुले २८ जना माओवादी निर्दोष कार्यकर्ताको निर्मम हत्या गरेका थिए ।

उपेन्द्र यादवको नेतृत्वमा भएको सो घटनामा परी २७ जनाको घटना स्थलमै र १ जनाको उपचारको क्रममा मृत्यु भएको थियो भने सयौंको संख्यामा निर्दोष नागरिकहरु घाईते भएका थिए ।

त्यस घटनामा बन्दुक, बाँसको फाटा, ढुंगाले टाउँको र मुखमा हानेर मारेका थिए । त्यस्तै महिलाहरुलाई बाँसको फाटाले सम्बेदनशील अंगहरुमा घोचेर, बलात्कार गरी, स्तन काटेर छटपटिरहेको अवस्थामा जिउँदै आगो लगाएर हत्या गरिएको थियो ।

यो घटना प्रचलित नेपाल कानून बमोजिम अपराध मात्रै नभई नेपाल पक्ष रहेको टरचर कन्भेन्सन लगायतका अन्य अन्तर्राष्ट्रिय महासन्धी समेतले यस्ता प्रकारको जघन्य अपराधलाई अन्तर्राष्ट्रिय अपराधको रुपमा स्वीकार गरेको छ ।

गौर हत्या काण्ड भएको भोलि पल्ट नै तत्कालिन गृहमन्त्री कृष्णप्रसाद सिटौला, सञ्चारमन्त्री कृष्णबहादुर महरा र संयूक्त राष्ट्र संघीय मिसन (अनमिन)का प्रतिनिधि पनि घटना स्थल पुगेका थिए । घटनाको वास्वविक तथ्य पता लगाउँनका लागि नेपाल सरकारले तत्कालिन पुनराबेदन अदालतका न्यायाधिश हरिप्रसाद शर्माको संयोजकत्वमा गठन गरेको छानविन आयोगले बुझाएको प्रतिवेदन र राष्ट्रिय मानव अधिकार आयोग समेतको प्रतिबेदनले समेत यस घटनालाई राजनैतिक झडप नभई जघन्य एवं अमानविय अपराध गरेको भनि निष्कर्ष निकालेको थियो ।

विभेद गरेकोमा प्रभु साह आक्रोशित

यसैबीच आजपा अध्यक्ष प्रभु साहले प्रधानमन्त्री ओलीसंग आक्रोशित भएका छन् । बाढीपहिरो, डुबानले तराई मधेस तहसनहन भएको अवस्थामा सरकारले बाढीपहिरो संकटग्रस्त क्षेत्र घोषणा गर्दा मधेससंग विभेद गरिएको आरोप साहको छ । रौतहट सहितका जिल्लामा बाढी, डुबानले अर्बौंको क्षतिभएको बताउँदै उनले पीडितलाई न्याय दिन सरकारले चासो नदिएको उनले बताए ।

'तपाईहरुले के आधारमा संकटग्रस्त क्षेत्र घोषणा गर्नुभयो ? त्यसका के-के आधारहरु छन्, मलाई दिनसक्नुहुन्छ ? बाढीपहिरो, डुबानले हामी जति पीडित छैनौं, त्यो भन्दा बढी यो सरकारको विभेदपूर्ण नीतिले पीडित बनेका छौं' आजपा अध्यक्ष साहले भने, 'सरकारको नजरमा सबै नागरिक समान हुनुपर्ने हो, तर यो सरकारले मधेसका जनतासंग विभेद गर्दै आईरहेको छ ।'

आजपा अध्यक्ष साहले मधेसका बाढी, डुबान पीडितलाई तत्काल राहत दिनुपर्ने, बाढी, डुबान रोक्नका लाीगि बागमती, बकैया, कोशी लगायतका नदीहरुमा तटबन्ध लगाउँनुपर्ने सुझाव सरकारलाई दिएका छन् ।

## पूर्वमन्त्री चौधरीको पहलमा गरिब विपन्नलाई एक सय घर निर्माण हुँदै



सुनसरी । सुनसरीको गढी गाउँपालिकामा गरिब, विपन्न र सुकुम्बासी परिवारलाई नि:शुल्क घर बनाइदिने कार्य अगाडी बढेको छ । सुनसरी निर्वाचन क्षेत्र नं. ३ की सांसद भगबती चौधरीको सक्रियतामा सो क्षेत्रका गरिब, विपन्न, र भूमिहिन नागरिकका हकमा नि:शुल्क घर बनाइन लागिएको हो ।

चुची फाउण्डेशनले सो क्षेत्रका गरिब, विपन्न नागरिकका लागि नि:शुल्क घर बनाइदिने प्रस्ताव ल्याएकोमा गढी, बर्जु, इनरुवा नगरपालिकाले सैद्धान्तिक सहमति प्रदान गरेका थिए । मन्त्री चौधरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री हुँदै गर्दा फाउण्डेशनले देशका विभिन्न क्षेत्रमा रहेका गरिब, विपन्नहरुलाई सुरक्षित आवास निर्माणको परियोजना ल्याएको थियो । सो क्रममा सुनसरी जिल्लाकै अति पिछडिएको क्षेत्रका रुपमा रहेको बर्जु र गढी गाउँपालिकामा पनि सुरक्षित आवास परियोजना सञ्चालन गर्ने प्रस्ताव अनुरुप सुनसरी ३ नं. क्षेत्रभर एक सय घर निर्माणको सम्झौता भएको थियो ।

सम्झौता अनुसार पहिलो चरणमा गढी गाउँपालिकामा ४० घर तथा इनरुवा नगरपालिकाको वडा नं. ७ चाँदवेलामा ३० घर निर्माण गरिने छ । बिहीबार परियोजना तत्काल सूचारु गर्न गढी र चाँदवेलामा स्थानीयहरुसँग समेत बृहद् छलफल भएको थियो । छलफलमा सांसद चौधरीले आफ्नो चुनाबी बाचा अनुसार क्षेत्रको विकासमा गम्भिरतापूर्वक लागेको भन्दै स्थानीयहरुले प्रशंसा पनि गरे ।

सो क्रममा बोल्दै सांसद चौधरीले सुनसरी क्षेत्र नं. ३ को विकास र जनताका लागि आफु सदैव क्रियाशिल रहने बताउँदै आफु राजनीतिमा लाग्दा आफुले जनताको विकास कसरी हुन्छ भन्नेमा सोच बनाएको बताउनु भयो । नेकपा एमालेकी केन्द्रीय सदस्य समेत रहेकी चौधरीले जनताका सुख दुख:मा आफु हरदम रहने बताउँदै जनताका आधारभूत आवश्यक्ताहरु पुरा गर्न र सो क्षेत्रको बृहत्तर विकासमा आफु अहोरात्र खट्ने प्रतिबद्धता जनाइन् ।

चौधरीको सक्रियतामा क्षेत्रमा आएको परियोजनालाई कसरी सफल बनाउने ? लक्षित वर्गहरु कसरी पहिचान गर्ने ? सुरक्षित आवासको मोडल कस्तो हुने भन्ने विषयमा छलफल भएको थियो । छलफलमा गढी गाउँपालिकाका अध्यक्ष आशनारायण चौधरी सहित स्थानीय जनप्रतिनिधि र नागरिकको बाक्लो उपस्थिति रहेको थियो ।

एक वर्षभित्र सुनसरी क्षेत्र नं. ३ का एक सय घर परिवारलाई सुरक्षित आवास निर्माण गर्ने यो परियोजना गढी, बर्जु, इनरुवा ७, इटहरी उमनपाको सुकुम्बासी क्षेत्र र दुहवी नगरपालिका अन्तरगतका सुकुम्बासी वस्तीमा सञ्चालन हुनेछ ।


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

विश्व परिवेश

# भारत र कोलम्बियाबीच ऐतिहासिक अडियो-भिजुअल सह-उत्पादन सम्झौतामा हस्ताक्षर



भारत र कोलम्बियाबीच सांस्कृतिक सम्बन्ध सुदृढ गर्न र दुबै राष्ट्रका फिल्म उद्योगलाई सशक्त बनाउनका लागि एक महत्त्वपूर्ण विकासमा, दुबै देशले एक आडियो-भिजुअल सह-उत्पादन सम्झौतामा हस्ताक्षर गरेका छन्। यस सम्झौताले फिल्म निर्माताहरू र उत्पादकहरूलाई उत्पादन, पोस्ट-प्रोडक्सन, र मार्केटिङका विभिन्न पक्षहरूमा सहयोग गर्न अनुमति दिनेछ। सूचना र प्रसारण मन्त्रालयका राज्य मन्त्री एल मुरुगन र कोलम्बियाका विदेश मन्त्रालयका उप मन्त्री जर्ज एनरिक रोजास रोड्रिग्जले हस्ताक्षर गरेको यो सम्झौताले दुबै राष्ट्र बीचको सिर्जनात्मक र आर्थिक सहयोगका लागि नयाँ मार्ग खोल्दछ।

कोलम्बिया, भारतसँग आडियो-भिजुअल सह-उत्पादनमा भाग लिने १७ औं देश बन्यो

कोलम्बिया, भारतसँग यस्ता सम्झौतामा हस्ताक्षर गर्ने १७ औं देश बनेको हो, जसले इटाली, बेलायत, जर्मनी, ब्राजिल, र हालै अस्ट्रेलिया जस्ता देशहरूका क्रममा आएको छ। यी साझेदारीहरूले भारतका फिल्म निर्माताहरूलाई विश्व बजार, सरकारी अनुदान, कर प्रोत्साहन, र वित्तीय सहायता प्राप्त गर्न मद्दत गर्दै सांस्कृतिक आदानप्रदानलाई प्रवर्द्धन गरेका छन्।

मुरुगनले यस सम्झौताका महत्त्वलाई जोड्दै भने, "भारत र कोलम्बियाबीच लामो समयदेखि सांस्कृतिक आदानप्रदान भएको छ, र आडियो-भिजुअल उत्पादनको क्षेत्रमा यो नयाँ सहयोगले हाम्रो द्विपक्षीय सम्बन्धमा अर्को आयाम थप्दछ। यसले दुबै देशका फिल्म निर्माताहरूलाई सिर्जनात्मक, कलात्मक, र प्राविधिक स्रोतहरू समेट्नको अवसर दिन्छ, जसले सद्भाव र सांस्कृतिक सम्बन्धलाई प्रवर्द्धन गर्दछ।"

भारत र कोलम्बियाबीचको आडियो-भिजुअल सह-उत्पादन सम्झौताले दुबै देशका फिल्म उत्पादकहरूलाई सहयोगका लागि साझा प्लेटफर्म प्रदान गर्दछ। आफ्नो सिर्जनात्मक र प्राविधिक स्रोतहरू समेटेर, फिल्म निर्माताहरूले सीमाहरूमा दर्शकलाई आकर्षित गर्ने सामग्रीको सह-उत्पादन गर्न सक्छन्। थप रूपमा, सम्झौताले वित्तीय र मार्केटिङ स्रोतहरूमा पहुँचलाई सुगम बनाउँछ, जसले उत्पादकहरूलाई विविध सांस्कृतिक थिम र सेटिङहरूमा अन्वेषण गर्न प्रोत्साहित गर्दछ।

कोलम्बियाली फिल्म निर्माताहरूका लागि, यो सम्झौताले भारतको व्यापक र जीवन्त फिल्म उद्योगमा प्रवेशका लागि ढोका खोल्दछ, जुन वार्षिक रूपमा उत्पादन गरिएका फिल्महरूको संख्याका हिसाबले विश्वको सबैभन्दा ठूलो भनिन्छ। भारतीय फिल्म निर्माताहरूका लागि, कोलम्बियाले कथावाचनको लागि नयाँ पृष्ठभूमि प्रदान गर्ने अनौठो सांस्कृतिक र प्राकृतिक परिदृश्य प्रस्तुत गर्दछ, जसले लाटिन अमेरिकी दर्शकहरूमा पहुँच प्राप्त गर्ने अवसर दिन्छ।

फिल्म उत्पादन बाहेक, सम्झौताले भारत र कोलम्बियाबीच सांस्कृतिक सम्बन्धलाई सुदृढ गर्ने अपेक्षा गरिएको छ। कलात्मक विशेषज्ञता र प्राविधिक ज्ञानको आदानप्रदानलाई प्रवर्द्धन गरेर, यो सम्झौताले सांस्कृतिक बुझाइ र सहयोगलाई बढावा दिन्छ। भारतीय सरकारले यस्ता सम्झौताहरूलाई आफ्नो "मृदु शक्ति" प्रदर्शित गर्ने उपायको रूपमा हेर्छ, जसले अन्य राष्ट्रहरूलाई संस्कृति र आदर्शमार्फत प्रभाव पार्ने क्षमतालाई बुझाउँछ।

सम्झौताले दुबै देशका स्थानीय अर्थतन्त्रलाई पनि फाइदा पुर्याउनेछ, जसले फिल्म क्षेत्रका लागि रोजगारी सिर्जना गर्दछ। कलात्मक र प्राविधिक पेशेवरहरू, साथै गैर-प्राविधिक समर्थन कर्मचारीहरू सह-उत्पादन परियोजनाहरूबाट रोजगारी पाउनेछन्। थप रूपमा, फिल्म उत्पादन गतिविधिहरूले विशेष गरी भारतको लागि विदेशी विनिमय प्रवाह सृजना गर्ने अपेक्षा गरिएको छ, जसले देशको फिल्म क्षेत्रको लागि विदेशी लगानीलाई आकर्षित गर्नेछ। रोड्रिगेजले सांस्कृतिक कूटनीतिको बढ्दो महत्त्वलाई औंल्याउँदै भने, "हाम्रो भारतसँगको साझेदारीले हाम्रो दुई देशबीचको बढ्दो मित्रताको प्रमाण हो। फिल्म एक शक्तिशाली माध्यम हो जुन सीमाहरूलाई पार गर्छ, र यो सम्झौताले हामीलाई हाम्रो कथाहरू, परिदृश्यहरू, र संस्कृतिलाई संसारसँग बाँड्न अनुमति दिन्छ।"

भारत अन्तर्राष्ट्रिय फिल्म निर्माताहरूका लागि लोकप्रिय गन्तव्य

भारतले लामो समयदेखि यसको विविध परिदृश्य, योग्य जनशक्ति, र लागत-प्रभावकारी उत्पादन सेवाहरूका कारण अन्तर्राष्ट्रिय फिल्म निर्माताहरूका लागि लोकप्रिय गन्तव्य बनेको छ। यो सम्झौताले भारतको प्रमुख फिल्मिंग गन्तव्यको रूपमा आकर्षणलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ। कोलम्बियाली फिल्म निर्माताहरू–र अन्य साझेदार देशहरूको–उत्पादनका लागि भारतीय स्थलोंलाई प्रयोग गरेर भारतीय सरकारले प्रदान गर्ने वित्तीय प्रोत्साहनहरूबाट फाइदा उठाउन सक्छन्।

भारतको फिल्म उत्पादनका लागि प्रोत्साहनहरू उल्लेखनीय रूपमा वृद्धि गरिएको छ, सह-उत्पादनहरू अब भारतमा भएका खर्चहरूको ४०% सम्मको प्रतिपूर्ति योग्य छन्, रु३०० मिलियनको छानबिन सँग। यी प्रोत्साहनहरूमा ३०% आधारभूत प्रतिपूर्ति समावेश छ, साथै स्थानीय जनशक्ति प्रयोग गर्न र भारतीय सांस्कृतिक सामग्री प्रस्तुत गर्दा थप बोनसहरू छन्। यो कदम विदेशी फिल्म निर्माताहरूलाई आफ्नो परियोजनाहरूलाई भारतमा ल्याउन प्रोत्साहित गर्ने लक्ष्यका साथ लिइएको हो, यसैले देशको फिल्म उद्योग र अर्थतन्त्रमा योगदान पुर्याउनेछ।

कोलम्बियासँगको सम्झौताले भारतको १६ अन्य देशहरूसँगका सफल साझेदारीहरूको आधारमा निर्माण गर्दछ, जसमा अस्ट्रेलियासँग २०२३ मा सम्झौता गरिएको थियो। यस्ता सहयोगहरूले आपसी रूपमा लाभदायक साबित भएका छन्, जसले दुवै पक्षलाई सरकारी अनुदान, कर प्रोत्साहन, र अन्य प्रकारको वित्तीय समर्थनमा पहुँच दिन्छ। यी सम्झौताले सह-उत्पादनहरूलाई प्रत्येक देशमा राष्ट्रिय उत्पादनको रूपमा योग्य बनाउँछन्, जसले आन्तरिक फिल्म वितरण नेटवर्क र प्रसारण कोटा पहुँच खुलाउँछ।

भारतीय सूचना र प्रसारण मन्त्रालयले यी साझेदारिहरूलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। सह-उत्पादन सम्झौतासँगै, मन्त्रालयले अन्तर्राष्ट्रिय फिल्म महोत्सव भारत पनि आयोजना गर्छ, जसले सिनेमा क्षेत्रका उत्कृष्टताहरूको प्रदर्शन गर्ने वैश्विक मंचको रूपमा कार्य गर्दछ।

फेब्रुअरी २०२५ मा, भारतले विश्व आडियो-भिजुअल र मनोरञ्जन समिट आयोजना गर्नेछ, जुन एक प्रमुख घटना हो जसले पारंपरिक प्रसारण, फिल्म, र नयाँ मिडिया उद्योगलाई एक ठाउँमा ल्याउनेछ। यो समिटले कोलम्बियासँगको सह-उत्पादन सम्झौताजस्ता अन्तर्राष्ट्रिय साझेदारिहरूलाई अघि बढाउनको लागि प्लेटफर्मको रूपमा काम गर्ने अपेक्षा गरिएको छ।

भारत-कोलम्बिया आडियो-भिजुअल सह-उत्पादन सम्झौताले दुई राष्ट्र बीचको सांस्कृतिक र आर्थिक साझेदारीको नयाँ अध्यायलाई चिह्नित गर्दछ। यसले फिल्म निर्माताहरूका लागि ढोकाहरू मात्र खोलेको छैन, तर सांस्कृतिक आदानप्रदान र आर्थिक सहयोगलाई प्रवर्द्धन गरेर द्विपक्षीय सम्बन्धलाई पनि सुदृढ गर्दछ। कोलम्बिया भारतसँग यस्ता सम्झौतामा हस्ताक्षर गर्ने १७ औं देश बनेको छ, र दुबै राष्ट्रले सिनेमा र त्यसको बाहेकको क्षेत्रमा फलदायी सहयोगको अपेक्षा गरिरहेका छन्। *-इण्डिया न्यूज नेटवर्क*




## जिल्ला समाचार

### कलैया अस्पतालले दिएन तलब

कलैया । दशैं, दिपावली तथा छठ पर्वको मुखमा मेडिकल सुपरिटेन्डेन्ट र लेखापालको जुहारीले स्वास्थ्यकर्मीले तलब पाएका छैन । प्रादेशिक अस्पताल कलैयाको मेडिकल सुपरिटेन्डेन्ट र लेखापालको जुहारीले स्वास्थ्यकर्मीले तलब नपाएको हो । मेडिकल सुपरिटेन्डेन्ट डाक्टर सुनिल कुशवाहा र लेखापाल रामबालक यादवको जुहारीले दशैं, दिपावली, छठ पर्वको मुखमा दैनिक ज्यालादारीमा रहेका स्वास्थ्यकर्मीले तलब पाउन सकेका छैन् । सबलाई नभई नहुने दशैको मुखमा स्वास्थ्यकर्मीले तलब किन नपाएको प्रतिक्रियालिन मेडिकल सुपरिटेन्डेन्ट डाक्टर कुशवाहाको मोबाइल नम्बर.....३१११९ मा सम्पर्क गर्दा सम्पर्कमा आउन चाहेनन। प्रादेशिक अस्पताल कलैयमा दैनिक ज्यालादारीमा ४०, निक साइम्नस संस्थाको तर्फबाट डाक्टर २, स्टाफ नर्स १, एनेस्थेसिया १, बायोमेडिकल १ गरि ५ जनाले, अस्पताल विकास समितिको तर्फबाट २५ जना स्वास्थ्यकर्मीले तलब पाउन सकेका छैनन । सबको घरमा दशैंको रौनकले छाएको आफुहरू २४ घण्टा ड्युटी गरेर पनि दशैंमा आफ्नो छोराछोरीको सामुन्ने रितो हात घर जादा मन आत्मग्लानि हुने गरेको एक जना स्वास्थ्यकर्मीले जानकारी गराएका छन् ।

अस्पतालको सबै फोहर उठाएर दैनिक सफासुग्घर गर्दै आएको सफाइकर्मीले आफ्नो गुनासो काहा पोख्ने कसैले सुनिदिने नरहेको बताउछन् । दशैंको मुखमा नया कपडा त परै जाओस श्रावण महिना देखि उधारो किनेर जिविका चलाएको उनीहरू बताउछन । दशैंमा तलब आए दिउला भनेर आश्वासन दिदै आएको, तलब त पाएनन अब साहुले पनि उधारो नदिदा के खाने कसरी बाच्ने भनेर चिन्ताले सताएको स्वास्थ्यकर्मीले रुदै सुनाए ।

यता अस्पताल विकास समितिका अध्यक्ष प्रकाश चौगाइले मेडिकल सुपरिटेन्डेन्ट र लेखापालको बदमासीले स्वास्थ्यकर्मीले तलब नपाएको बताए । दशैंको दुइ दिने अगाडी नै दुबै निस्किदा तलब खुवाउन नसकेको बताए । कर्मचारीतन्त्रले आफु अध्यक्ष भए पनि निरीह सरह भएको उनले सुनाए । कर्मचारीहरूको मनोपोलीले गर्दा खाता समेत संचालन हुन सकेको छैन । हालको मेसु यो भन्दा अगाडी पनि बसिसकेकोले पहिलाको कार्यकाल जस्तो गर्ने नदिएकोले तलब नखुवाई मेसु दशैंमा घर गएको आरोप लगाए ।

अस्पताल श्रोतका अनुसार स्वस्थकर्मीलाई तलव खुवाउन तयारी भए पनि अस्पतालका सुव्वा प्रेम कुमार पंडित र सहायक स्टोर किपर मनोज यादवले कमिसनको लोभमा मेसु र लेखापालको मिलोमतोमा स्वास्थ्यकर्मीको तलब रोकी अन्य शिर्षकमा रकम निकासा गरेको बताउछन । कमिशनको लोभमा समाग्री खरिद गरिन्छ तर चाडै प्रयोग विहिन बनाई पुन खरिद प्रक्रियामा जाने गरेका छन् । पंडित र यादवले नै गर्दा अस्पताल लथालिङ्ग अवस्थामा रहेको जानकारी दिएका छन् ।

### मुख्यमन्त्री सिहका राजनीतिक सल्लाहकारमा यादव नियुक्त

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले रौतहटको दुर्गा भगवती गाउँपालिका वडा नम्बर ४ का सञ्जयकुमार यादवलाई आफ्ना राजनीतिक सल्लाहकार नियुक्त गरेका छन् । युवा जनमत संघका केन्द्रीय संयोजक समेत रहेका युवा नेता यादवलाई मुख्यमन्त्री सिँहले बुधबार आफ्ना राजनीतिक सल्लाहकार नियुक्त गरेका हुन् ।

### पालिका संवाद कार्यक्रम

कपिलवस्तु । नेपाली काग्रेस लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनले सूरुवात गरेको पालिका संवाद कार्यक्रम शुक्रबारदेखि कपिलवस्तुमा सुरू भएको छ । कपिलबस्तु स्थित महराजगन्ज नगरपालिकामा भएको कार्यक्रममा लुम्बिनी प्रदेश सभापति अमरसिंह पुनले स्थानीय स्तरमा एवं जनताका समस्या र सरकार तथा पार्टीको गतिविधिबारे तल्लो तहका कार्यकर्तासम्म लैजानको लागि संवाद आयोजना गरिएको बताए । कार्यक्रममा प्रदेश महामन्त्री तथा पुर्वमन्त्री सुरेन्द्र राज आचार्य, पूर्व केन्द्रीय सदस्य अत्तहर कमल मुसलमान, जिल्ला सभापति अब्दुल कलाम, प्रदेश सदस्य रवि ठाकुर, जिल्ला उपसपति रजतराज आचार्य, सचिव शक्ति सिंह ठकुरी, प्रेम बहादुर रायमाझी, सहसचिव ओजी अरसद, क्षेत्रीय सभापति केशव कुमार श्रेष्ठ, लगायत बोलेको कार्यक्रमको सचालन प्रदेश सदस्य रोमलाल खनालले गरेका थिए । कार्यक्रम नगर सभापति रामअचल चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो । त्यस्तै पालिका सवांद बुद्धभुमी नगरपालिकामा पनि सम्पन्न भएको छ । माधव दमासेको अध्यक्षतामा कार्यक्रम भएको थियो । काग्रेस प्रदेशले १० वटै पालिकामा संवाद कार्यक्रम गर्ने योजान बनाएको छ ।

### गाँजा बरामद

बारा । सुवर्ण गाउँपालिका-३ बक्तौरा नहरबाट अवैध लागूऔषध गाँजा करिब २७ किलोग्राम सोमबार दिउँसो प्रहरीले बरामद गरेको छ । अस्थायी प्रहरी पोष्ट चरमोहना र जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीलाई देख्नासाथ कञ्चनपुरबाट बक्तौरातर्फ आउँदै गरेको हाल नम्बर नखुलेको मोटरसाइकलमा सवार व्यक्तिले मोटरसाइकल र बोरा छाडि फरार भएपश्चात बोरा तलासी गर्दा २ वटा पोकामा रहेको उक्त गाँजा फेला पारी प्रहरीले बरामद गरेको हो । प्रहरीले हाल फरार मोटरसाइकल चालकको खोजी गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकलको ठक्करबाट बालकको मृत्यु

रौतहट । परोहा नगरपालिका-६ बसन्तपट्टी चोक नजिकै सडकमा लौकाहाबाट कोपवातर्फ जाँदै गरेको हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट सोही ठाउँ बस्ने कृष्णा साहको छोरा ६ वर्षीय आदित्य साहको सोमबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको स्थानीय अस्पताल हुँदै नारायणी अस्पताल वीरगंज पर्सामा थप उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले हाल फरार मोटरसाइकल चालकको खोजी गर्नुका साथै दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# तनहुँमा भारतको सहयोगमा निर्मित क्याम्पस भवन उद्घाटन

काठमाडौं। 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको कूल परियोजना लागत नेरु. ३.००१ करोड आर्थिक सहयोगमा निर्माण गरिएको तनहुँको आँबूखैरेनी गाउँपालिकास्थित आँबूखैरेनी क्याम्पसको भवन उद्घाटन गरिएको छ।

भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव अविनाश कुमार सिंह, जिल्ला समन्वय समिति, तनहुँका प्रमुख शान्तीरमण वाग्ले र तनहुँको आँबूखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले संयुक्त रुपमा उद्घाटन गरेका हुन्।

उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, क्याम्पस व्यवस्थापनका प्रतिनिधि, प्राध्यापक/प्राध्यापिका, शिक्षक/शिक्षिका, अभिभावक तथा विद्यार्थीहरुको पनि उपस्थिति रहेको थियो।

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग आँबूखैरेनी क्याम्पसलाई आवश्यक अन्य सुविधासँगै दुई तल्ले क्याम्पस भवनको निर्माणमा उपयोग गरिएको थियो। भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत यो



परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो। जिल्ला समन्वय समिति, तनहुँमार्फत यो परियोजनाको कार्यान्वयन गरिएको थियो।


जिल्ला समन्वय समितिका प्रमुख, आँबूखैरेनी गाउँपालिकाका अध्यक्ष, राजनीतिक प्रतिनिधि र क्याम्पस व्यवस्थापन समितिका अध्यक्षले आ-आफ्नो मन्तव्यमा प्राथमिकताका क्षेत्रमा नेपाली जनताको उत्थानका लागि भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर विकास सहयोगको प्रशंसा गरेका थिए।

आँबूखैरेनी क्याम्पस सन् २००५ मा स्थापना भएको हो। यो त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस हो। क्याम्पसले स्नातक तहमा ब्याचलर अफ बिजनेस स्टडीज (बिबिएस) र ब्याचलर अफ एजुकेशन (बिएड) विषयहरु अध्यापन गराउँदै आएको छ। क्याम्पसमा करिब ३०० जना विद्यार्थीहरु अध्ययनरत छन् जसमध्ये ९०% छात्राहरु रहेका छन्।

नेपालको तनहुँस्थित आँबूखैरेनी क्याम्पसका विद्यार्थीहरुलाई गुणस्तरिय शिक्षा सुविधा प्रदान गर्न नवनिर्मित संरचना उपयोगी हुनेछ। साथै सिकाइको राम्रो वातावरण सिर्जना गरी यस क्षेत्रको शिक्षाको विकासमा योगदान पुऱ्याउँनेछ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ। यस उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ।

# परराष्ट्रको पत्रअनुसार नै एकताको महाधिवेशन हुनुपर्छ : डा.उपेन्द्र महतो



काठमाडौं। गैरआवासीय नेपाली संघ (एनआरएनए) का संस्थापक अध्यक्ष उपेन्द्र महतोले संघको एकताबद्धता र भविष्यका लागि परराष्ट्र मन्त्रालयको निर्देशन अनुसार एकता महाधिवेशन गर्नुपर्ने बताएका छन्। परराष्ट्र मन्त्रालयले कात्तिक १ मा एनआरएनएको एकता महाधिवेशनको निर्देशनसहित पत्र पठाएपछि, महतोले यसलाई संघको दीर्घकालीन हितका लागि सकारात्मक अवसरका रूपमा व्याख्या गर्दै सबै पक्षलाई यसमा सहभागी हुन आह्वान गरेका छन्।

महतोले एनआरएनएलाई संस्थामात्र नभई विदेशमा रहेका नेपालीहरूको अभियानका रूपमा चित्रण गरे। उनले भने, 'एनआरएनए भनेको विदेशमा सिकेको सिप र कमाएको पुँजी नेपालमा ल्याएर देशलाई समृद्ध बनाउन खोज्ने अभियान हो।' उनले संघमा देखिएको विवाद र मतभेदलाई सामान्य ठहर गर्दै भने, 'केही मानिसहरूको व्यक्तिगत स्वार्थका कारण संघमा अप्ठ्यारो पर्न गएको छ, तर यो ८० लाख नेपालीको साझा संगठन हो, जसको मनमा नेपाललाई समृद्ध बनाउने उद्देश्य मात्र छ।'

महतोका अनुसार, १००-२०० जना व्यक्तिहरूले संघलाई विभाजन गर्न खोजे पनि बाँकी सबै नेपालीहरू एकताको पक्षमा रहेका छन्, र संघलाई अघि बढाउन मिलेर काम गर्नुपर्ने आवश्यकतामा जोड दिए।

सर्वोच्च अदालतले एनआरएनएको एकता महाधिवेशन गर्ने निर्देशन दिएकाले यसलाई संघलाई पुन: एकताबद्ध बनाउने महत्त्वपूर्ण अवसरको रूपमा महतोले व्याख्या गरे। 'अदालतले एकताको महाधिवेशन गर्न भनिसकेपछि सबैलाई सजिलो भएको छ, र यो अवसरलाई सदुपयोग गर्दै संघलाई मिलाएर अघि बढ्नुपर्छ,' महतोले भने। उनले अहिलेका सबै विवादहरूलाई पर सारेर एकता महाधिवेशनको तयारीमा जुट्न आह्वान गरे।

महतोले परराष्ट्र मन्त्रालयले दिएको निर्देशनलाई सर्वोपरि ठहर गर्दै यसै आधारमा एकता महाधिवेशन गर्नुपर्ने बताए। उनले भनाइमा जोड्दै भने, 'अहिले कुनै पनि सभाहरू गरेर मनमुटाब बढाउनुहुँदैन, हामी सबैले परराष्ट्रको निर्देशनअनुसार अघि बढ्नुपर्छ।'

महतोका अनुसार, अदालतले एकताको महाधिवेशनको मिति तोकिसकेको छ, र अब सबैले शेष घलेको नेतृत्वमा उच्चस्तरीय समितिको मार्गदर्शनमा महाधिवेशनको तयारी गर्नुपर्छ। महतोले अदालतको फैसलालाई आ-आफ्नो किसिमले व्याख्या गरेर समाधान खोज्न नहुने उल्लेख गरे। 'अदालतले एकताको मार्ग देखाइदिएको छ, त्यसैले हामी सबैले मिलेर अघि बढ्नुपर्छ। जब हामी एक भएर अघि बढ्छौं, अदालतका सबै मुद्दाहरू आफैं समाधान हुन्छन्।'

महतोले अहिले गठन भएको अर्को संस्था, 'युनाइटेड नेपाली डायस्पोरा अर्गनाइजेसन (युएनडिओ)का सदस्यहरूलाई पनि एनआरएनएको एकता अभियानमा समावेश हुन आह्वान गरे। उनले भने, 'त्यहाँका साथीहरू पनि एकताको अभियानमा सामेल हुनुपर्छ, किनकि एनआरएनएको एकताबद्ध भविष्य नै नेपालको समृद्धिका लागि महत्त्वपूर्ण छ।'

# हार्मोनियम विज्ञ विमललाई प्रभु साहले सम्मानित गरे

काठमाडौं। आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले हार्मोनियम बिज्ञ विमल साहलाई सम्मानित गरेका छन्। वर्ल्ड बुक अफ रेक्डर्स, लन्डनद्धारा हार्मोनियमको डिजिटल ट्युनिङ्ग गर्ने संसारकै पहिलो व्यक्तिको रुपमा सम्मानित भएका साहलाई आजपा अध्यक्ष प्रभु साहले काठमाडौंमा सम्मानित गर्दै बधाई तथा शुभकामना दिएका छन्।

सर्लाहीको ईश्वरपुर नगरपालिका-१३ निवासी विमल हालै वर्ल्ड बुक अफ रेक्डर्स लन्डनद्धारा सम्मानित भएका थिए। उनी नेपालमा हार्मोनियमको क्षेत्रमा विगत लामो समय देखी काम गर्दै आएका व्यक्ति हुन्।

उनको आफ्नै विमल नामको हार्मोनियम ब्रान्ड समेत रहेको छ। मिहेनतले मान्छेलाई महान बनाउछ भने जस्तै एउटा सानो हार्मोनियमको मर्मत पसल खोलेका विमलले आज आफ्नै नामको ब्रान्ड चलाउनु खुशीको बिषय रहेको आजपा अध्यक्ष साहले बताउदै उनको निरन्तर प्रगतिको कामना समेत गरेका छन्।

हार्मोनियम सफा गर्ने, पेच कस्ने कामबाट करिअर सुरु गरेका उनी हाल हार्मोनियममा डिजिटल



ट्युनिङ गर्छन्। हार्मोनियम सुनेर सुर, बेसुर छुट्याउँने र सुर लगाउने कामसमेत गर्दै आएका छन् उनले। त्यसैले त उनलाई कतिपयले हार्मोनियमका चिकित्सक (डाक्टर) भन्छन् भने कतिले हार्मोनियमका 'बादशाह' भनेर चिन्छन्।

शम्भुजीत बाँस्कोटा, दीप श्रेष्ठ, कुन्ती मोक्तान, टीका भण्डारी, रामकृष्ण ढकाल, मनोजराज, सन्तोष श्रेष्ठ, शिव परियार, राजेश पायल राई, अन्जु पन्त, प्रमोद खरेल, विश्व नेपाली, राज सिग्देललगायत नेपालमा चर्चित गायक गायिकाले विमलबाट हार्मोनियममा ट्युनिङ गराएका छन्।

सङ्गीत प्रशिक्षणमा नेपालमै सर्वाधिक चर्चित चन्दनकुमार श्रेष्ठ, गुरुदेव कामत, चण्डीप्रसाद काफ्लेले समेत उनीसँग हार्मोनिङ ट्युनिङ गराउँदै आएका छन्। साथै, बलिउडतिर भने उदितनारायण, दीपानारायण, सोनु निगम, कुमार सानु र अनु मलिक लगायतको हार्मोनिम ट्युनिङ गरिदिएको अनुभव उनीसँग छ। उनले भोजपुरीका चर्चित गायक तथा अभिनेता पवन सिंह, दिनेशलाल यादव, अवधेश प्रेमी लगायतका हार्मोनियमसमेत मर्मत गरिसकेको बताए।

# संगठन निर्माण अभियानमा केन्द्रित जसपा नेपाल

काठमाडौं। जनता समाजवादी पार्टी (जसपा) नेपालले जनतासँग जसपा नेपाल आधारभूत संगठन निर्माण अभियानअन्तर्गत विभिन्न सांगठनिक गतिविधिहरुमा केन्द्रित रहेको छ। केन्द्रीय समितिको बैठकबाट अभियन्ताको रुपमा खटाइएका पार्टीका केन्द्रीय नेताहरुले आफ्नो जिम्मेवारीमा परेका पालिका समिति गठन, पुनर्गठन गर्ने कार्यलाई तिव्रता दिएका छन्। पार्टीका अधिकांश केन्द्रीय नेताहरु अभियानका लागि कार्यक्षेत्रमा खटिएका छन्। यसैबीच पर्सा, रौतहट, तनहुँलगायतका जिल्लाहरुमा विभिन्न पार्टी परित्याग गरी नेता कार्यकर्ताहरु जसपा नेपाल प्रवेश गरेका छन्। जिल्ला तथा पालिकामा विस्तारित बैठक आयोजना गरिनुका साथै अनुगमन तथा समीक्षा बैठकसमेत आयोजना भइरहेका छन्। पार्टीको केन्द्रीय समितिले सञ्चालन गरेको यस अभियानले पार्टीको सदस्य संख्या पाँच लाख पुर्याउने लक्ष्य राखेको छ। यो अभियान मंसिर मसान्तसम्म चल्ने छ।


## चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम गरौं

- चाडपर्वमा अनावश्यक तडक-भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रुपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरुको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,
- चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस्।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं